जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १६३ • २०७९ साल कार्तिक २२ गते मंगलबार (8 November, Tuesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# धनुषा क्षेत्र नम्बर ३ प्रदेश 'क' मा गठबन्धन बलियो

## हर्न घन्किए झा चम्किने, साहद्वय पनि निर्णायक

**कमलेश ठाकुर**

जनकपुरधाम । धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर ३ बाट प्रतिनिधि सभा सदस्यका लागि दुई जना निवर्तमान सांसदको भविष्य दाउमा रहेको छ ।

सत्तारुढ गठबन्धनबाट प्रतिनिधि सभा सदस्यका उम्मेदवार अनिल कुमार झा र नेकपा एमाले जसपा गठबन्धनकी उम्मेदवार जुली महतो निवर्तमान सांसद हुन् ।दुई मध्ये एकले चुनावमा बाजी मार्ने भन्ने पक्का जस्तै छ ।

मतदानको मिति नजिकिने क्रमसँगै प्रतिस्पर्धात्मक उम्मेदवारहरुको संख्यात्मक दायरा साँघुरो हुन थालेको छ । अहिले प्रतिनिधि सभाका लागि सोझो प्रतिस्पर्धा झा र महतोबीच नै देखिएको स्थानीय बासिन्दाहरुका अनुमान छ ।

एमाले नेतृ महतो प्रतिस्पर्धामा अगाडि देखिएको उनका समर्थकहरुको दाबी छ ।महतोको चुनावी प्रचारमा जुटेका सरोज साहले भने, प्रदेश 'ख'मा झाको भन्दा स्थिति बहुत बलियो छ ।तर 'क' मा प्रतिस्पर्धा रहेको उनले स्वीकारे ।

निर्वाचन क्षेत्र नम्बर ३ को प्रदेश 'ख'मा जनकपुरधाम उपमहानगरपालिकाको १५ वटा वडा रहेका छन् ।ती वडाहरुमा एमालेको अवस्था बलियो रहेको साहको दाबी छ ।

तर झाका समर्थकहरुले 'ख' मा प्रतिस्पर्धा र 'क'को अवस्था धेरै सुदृढ रहेको दाबी गरेका छन् ।तर स्थानीय बासिन्दाहरु दुबैबीचको प्रतिस्पर्धा कडा रहेको बताउँछन् ।

प्रतिनिधिसभा उम्मेदवार


जुली महतो


अनिल झा

प्रदेशसभा उम्मेदवार


राम सरोज यादव


जितेन्द्र यादव

मुखियापट्टी मुसरहनिया गाउँपालिका वडा नम्बर १ बस्ने सुरेश यादवले झा र महतोबीचको जितहारको निर्णायक हर्न छापका उम्मेदवार ईञ्जिनियर शम्भु साह हुन् ।हर्न छापले काट्ने मत एमाले जसपा गठबन्धनको बढी रहेकाले साहले ल्याउने मत नतिजालाई उलटफेर गर्न सक्ने यादवको कथन छ ।

मुखियापट्टी मुसहरनियाको वडा नम्बर १ मा हर्न छापले ४० जति मत सत्तारुढ गठबन्धनको र ७० जति मत एमाले गठबन्धनको काट्ने अनुमान गरिएको छ ।प्रचारप्रसारमा अगाडि देखिएका ई.साहलाई प्रदेश 'क'का उम्मेदवार डा.प्रसन्न झाले सघाइरहेका छन् ।

एमालेको भोटले नै चुनावमा बाजी मार्ने आशमा चापाकल छाप भएका स्वतन्त्र उम्मेदवार उमेश साह पनि छन् ।निर्वाचनमा पर्ने सबै टोल सम्म प्रचारप्रसार पुऱ्याएका साहले बुद्धिजीबी, व्यवसायी, पेशाकर्मी, मजदुर, किसानहरु आफ्नो पक्षमा रहेको दाबी गरिरहेका छन् ।

त्यसैगरी महिला चुनाव चिह्न भएका स्वतन्त्र उम्मेदबार ईञ्जिनियर सत्यनारायण साहले परिवर्तनको नारा दिएर मत मागिरहेका छन् ।उनको प्रचार पनि क्षेत्रको हरेक टोलमा पुगेको छ । स्वतन्त्र उम्मेदवार साहद्वयले पाउने मत पनि चुनावको परिणामलाई प्रभावित गर्न सक्छ ।

एमालेको संगठन भन्दा जुलीको व्यक्तिगत मिहिनेतले मत झर्ने स्थानीय बासिन्दाहरुको ठम्याइ छ ।हुनत एमालेको सहयोगी रहेको जसपाका नेता, कार्यकर्ताहरुले एमालेबाट हेपिएको बताउन थालेका छन् ।चुनावको सम्पूर्ण कमाण्ड एमालेको हातमा रहेको उनीहरुको गुनासो छ ।

जसपा कार्यकर्ताहरुले धनुषाको निर्वाचन क्षेत्र नम्बर ३ मा भोग्नु परेको पीडा रौतहट, बारामा पनि छ ।एमाले ठूलो दल भएको र राजनीतिक हैसियत भएका उम्मेदवारको कारण जसपामाथि एमालेका कार्यकर्ताहरु भारी बनेको बताइन्छ ।जसपाका नेताहरुले एमालेबाट प्रदेशमा धोका हुने आशंका पनि गरिरहेका छन् ।

सत्तारुढ गठबन्धनका लोसपाबाट प्रतिनिधि सभाका उम्मेदवार झाका लागि भने निवर्तमान सांसद राजेन्द्र महतोको भगौडा प्रवृत्ति घाँडो बनेको छ ।लोसपाकै नेता महतोले एक पटक जितेर भागेको बताउँदै स्थानीय बासिन्दाहरुले झा पनि त्यो भन्दा फरक नहुने आशंका गरिरहेका छन् ।

२०७४को चुनावमा महतोका अगाडि पछाडी रहने गरेका कार्यकर्ताहरुले झालाई पनि घेराबन्दी गरेको उनीहरुको आरोप छ ।झाका लागि महतोकालीन कार्यकर्ताहरुको घेराबन्दीले क्षति भइरहेको नगराइनका सूर्यप्रसादले बताए ।

क्षेत्र नम्बर ३ को प्रदेश सभा 'क' मा सत्तारुढ गठबन्धनका उम्मेदवार रहेका मधेश प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्री रामसरोज यादव अगाडि रहेको बताइन्छ ।सो क्षेत्रमा यादवका प्रतिद्वन्दी रहेका एमाले गठबन्धनका जसपा उम्मेदवार जितेन्द्र यादव एमालेको छायाँमा परेका छन् ।मुख्यमन्त्री लालबाबु राउतको प्रमुख स्वकीय सचिव रहेका यादवबाट कर्मचारीहरु असन्तुष्ट छन् ।

मतदाताले परिवर्तनको पक्षमा आफूलाई मतदान गर्ने दाबी गर्दै आएका छन् ।नागरिकता विधेयक प्रमाणीकरण नहुँदा एमाले विरुद्ध सडकमा उत्रेका जसपाका नेता, कार्यकर्ताहरुले त्यो मुद्दालाई विर्सजन गरेको आरोप लगाउँदै असन्तुष्टि व्यक्त गरिरहेका छन् ।निर्वाचन क्षेत्र नम्बर ३ मा वैवाहिक अंगीकृत र जन्मसिद्धका सन्तानले पाउने नागरिकताको समस्या रहेको छ ।

प्रदेश 'ख'मा चुनावको नतिजाबारे अनुमान लगाउन कठिन भएको छ ।बौद्धिक, व्यवसायिक, पेशाकर्मीको बाहुल्यता रहेको प्रदेशमा अझै मतदाताहरु खुलिसकेका छैनन् ।उम्मेदवारहरुले सुविधा अनुसार दाबी गरे पनि मतदाताहरुको मनस्थितिबारे यकिन गर्न सक्ने अवस्था नरहेको मारवाडी सेवा समितिका निवर्तमान अध्यक्ष ललित बजाजले बताए ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।
विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)
फाराम भर्ने अन्तिम मिति २०७९ कार्तिक २७ गते सम्म
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हास्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851






# राष्ट्र बैंकले २५ करोड रकम मुद्दती निक्षेपमा राख्ने

काठमाण्डु । नेपाल राष्ट्र बैंकले उपदान तथा पेन्सन कोषमा रहेको रु २५ करोड बराबरको रकम मुद्दती निक्षेपमा लगानी गर्ने भएको छ। केन्द्रीय बैंकले एक सूचनामार्फत उपदान तथा पेन्सन कोषमा रहेको रकम मुद्दती निक्षेपमा राख्न लागेको सूचनामार्फत जानकारी दिएको छ।

केन्द्रीय बैंकले क, ख र ग वर्गका बैंक तथा वित्त कम्पनीमा उक्त रकम दामासाहीमा मुद्दती निक्षेपमा राख्न लागेको हो । सूचना अनुसार 'क' वर्गका वाणिज्य बैंकमा रु २० करोड, 'ख' वर्गका राष्ट्रियस्तरका विकास बैंकमा रु तीन करोड ७५ लाख र 'ग' वर्गका राष्ट्रियस्तरका वित्त कम्पनीमा रु एक करोड २५ लाख बराबरको रकम मुद्दती निक्षेपमा राख्न लागेको हो।

आफूले मुद्दती निक्षेपमा लिन चाहेको रकम र प्रस्ताव गरेको ब्याजदरसमेत उल्लेख गरी आवेदन दिन आग्रह गरिएको छ । आवेदन भने यही कात्तिक २२ गते मध्यरात १२ बजेसम्म दिन सकिनेछ। यही कात्तिक २७ गतेदेखि २०८० को कात्तिक २७ गतेसम्म तीन सय ६६ दिन उक्त रकम मुद्दती निक्षेपमा राखिनेछ।

बैंक तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा पनि दुई वर्ष, बैंकबाट तोकिएको न्यूनतम पूँजीकोष अनुपात कायम रहेको, निष्क्रिय कर्जा कूल कर्जा सापटीको पाँच प्रतिशत भन्दा कम रहेको र खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा २० प्रतिशत वा सो भन्दा बढी रहेको हुनुपर्नेछ। कर्जा, निक्षेप अनुपात बैंकले समय समयमा निर्धारण गरेको सीमाभित्र रहेर सर्त पूरा गरेको हुनुपर्ने सूचनामा उल्लेख गरिएको छ ।रासस

# चुनावी प्रचारमा डिजे साउण्डको व्यापक प्रयोग

**राकेश यादव**

रौतहट। चुनाव प्रचार प्रसारमा व्यापक रुपमा डिजे साउण्ड प्रयोग भइरहेका छन । मंसिर ४ गते हुन गइ रहेको प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भाग लिएका राजनितिक दल तथा स्वतन्त्र उम्मेदवारहरुले प्रचार प्रसारमा चर्को स्वरको डिजे साउण्ड प्रयोग गरिरहेका छन् ।



निर्वाचन आचारसंहिता २०७९ ले डिजे साउण्ड प्रयोगमा प्रतिबन्ध लगाए पनि उम्मेदवार हरुले त्यसको प्रयोग व्यापक रुपमा गर्ने गरेका छन।

रौतहटको ४ वटा प्रतिनिधिसभा र ८ वटा प्रदेशसभा निर्वाचन क्षेत्रको विभिन्न गाउँमा डिजे साउण्ड प्रयोग गरेर उम्मेदवारको चुनावी प्रचार भइरहेको देखिएको छ।

ठूलो ठूलो साउण्ड बक्स पिकअप , ट्र्याक्टरमा लोड गरेर चर्को आवाजमा गाउ गाउँमा बजाउने गरेको स्थानीयहरुले बताएका छन ।

ठूल ठूला फ्लैस प्रिन्ट बैनरको प्रयोग पनि व्यापक देखिएको छ। मुख्य निर्वाचन अधिकृत मातृका प्रसाद मरासिनीले उम्मेदवारहरुलाई सार्वजानिक ठाउँमा लगाइएको बहुरंगी पोस्टर र ठूलो आकारको झण्डा हटाउँन निर्देशन दिएको बताए । उम्मेदवारहरुले हटाएन भने प्रहरी परिचालन गरेर हटाउने निर्वाचन व्यवस्थापन समितिको निर्णय रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ।

# 'निर्वाचनलाई निष्पक्ष र भयरहित बनाउन सुरक्षा निकाय गम्भीर छ'

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाका मुख्य निर्वाचन अधिकृत ब्रजेश प्याकुरेलले मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको चुनावलाई निष्पक्ष तथा भयरहित वातावरणमा सम्पन्न गराउन आफू गम्भीर रहेको बताएका छन् ।




सोमबार जनकपुरधाममा आयोजित अन्तर सम्वाद कार्यक्रममा मुख्य निर्वाचन अधिकृत प्याकुरेलले धनुषामा निष्पक्ष, भयरहित तथा स्वतन्त्रता पूर्वक निर्वाचन सम्पन्न गर्नका लागि मुख्य निर्वाचन अधिकृतको कार्यालयले सरोकारवाला निकायसँग निरन्तर गृहकार्यमा रहेको उनको बताए।


कार्यक्रममा धनुषाका प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले निष्पक्ष तथा भयरहित रुपमा निर्वाचन सम्पन्न गर्नका लागि सुरक्षा निकाय गम्भीर भएर लागेको बताउँदै भारतीय नम्बर प्लेटको गाडी तथा भारतीयलाई प्रचार प्रसारमा रोक लगाएको बताए।

राष्ट्रिय मानव अधिकार आयोगको प्रादेशिक कार्यालयका जनकपुरधामका प्रमुख मञ्जु खतिवडाले निर्वाचनलाई निष्पक्ष तथा भयरहित रुपमा सम्पन्न गर्दै मानव अधिकारको अधिकतम ख्याल गरेर मतदान केन्द्रको व्यवस्थापन हुनुपर्ने बताए।

नेपाल प्रहरीका संघीय इकाइका प्रमुख वरिष्ठ प्रहरी उपरीक्षक ध्रुवराज राउतले निर्वाचनलाई शान्तिपूर्ण रुपमा सम्पन्न गर्नका लागि नेपाल प्रहरी पूर्ण प्रतिबद्ध रहेको बताए।

इन्सेक मधेश प्रदेशका संयोजक राजु पासवानले कार्यपत्र प्रस्तुत गर्दै निर्वाचनमा बालबालिकाको प्रयोग तथा भोज भतेर गर्ने क्रम बढेकोमा चिन्ता व्यक्त गर्दै यसलाई नियन्त्रण गर्नुपर्नेमा जोड दिएका थिए।

# सुनवल सबस्टेसन निर्माण अन्तिम चरणमा



काठमाण्डु । नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)मा सञ्चालनमा रहेका र आगामी दिनमा खुल्ने उद्योगलाई पर्याप्त, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिका लागि निर्माणाधीन एक सय ३२ केभी सुनवल सबस्टेसनको निर्माण अन्तिम चरणमा पुगेको छ।

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को सुनवल नगरपालिका-७ मा निर्माणाधीन सबस्टेसनको निर्माण एक महिनाभित्र सम्पन्न गरी सञ्चालनमा ल्याउने लक्ष्यसहित काम भइरहेको छ। सबस्टेसनका उपकरण जडान धमाधम भइरहेको छ। एक सय ३२, एक सय ३३ र एक सय ११ केभी सबस्टेसनमा ६३ एमभिएका दुई वटा, २२ दशमलव ५ एमभिएको एउटा पावर ट्रान्सफर्मर रहने छन्।

सबस्टेसनबाट स्थानीयरूपमा विद्युत् आपूर्तिका लागि ३३ केभीका सात र ११ केभीका चारवटा फिडर निकालिनेछन्। हाल सञ्चालनमा रहेका पूर्व-पश्चिम एक ३२ केभी प्रसारण लाइन सुनवल सबस्टेसनमा भित्रने (लुप इन) र बाहिरिने (लुप आउट) छ। यही एक सय ३२ केभी लाइनबाट सुनवल सबस्टेसनमा विद्युत् आपूर्ति दिइनेछ।

नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवाल, लुम्बिनी प्रादेशिक कार्यालयका निर्देशक नवराज ओझा लगायतको उच्चस्तरीय टोलीले सबस्टेसन निर्माण प्रगतिको स्थलगत अनुगमन गरी एक महिनाभित्र सञ्चालनमा ल्याउन आग्रह गरेको छ।

टोलीले परासी र भैरहवा क्षेत्रमा निर्माणधीन प्रसारण तथा वितरण लाइनका आयोजनाको प्रगति, आगामी दिनमा नपलपरासी र रुपन्देहीको दक्षिण भेगमा हुने बस्ती तथा औद्योगिक क्षेत्र विस्तारका लागि आवश्यक पर्ने विद्युतीय पूर्वाधार लगायतका विषयमा जानकारी लिएको छ।

"परासी क्षेत्रका सिमेन्ट, स्टीललगायतका ठूला उद्योगलाई विद्युत् आपूर्तिका लागि सुनवल सबस्टेसन मेरुदण्ड हो, अहिले बुटवल सबस्टेसनबाट लामो र कम क्षमताको ३३ केभी प्रसारणमार्फत् आपूर्ति दिँदा पर्याप्त विद्युत् नपाएको, भोल्टेजको समस्या भएको जस्ता गुनासो उद्योगीबाट आउने गरेको छ", कार्यकारी निर्देशक घिसिङले भन्नुभयो।

सुनवल सबस्टेसनलाई सञ्चालनमा ल्याएर यहीँबाट विद्युत् आपूर्ति दिन थालेपछि सबै समस्या हट्ने र परासी बजार क्षेत्रलाई पनि सुनवल सबस्टेसनबाटै विद्युत् आपूर्ति दिन सकिने यसबाट त्यस क्षेत्रको विद्युत् आपूर्ति भरपर्दो र गुणस्तरीय हुनेछ भने प्राविधिक चुहावट पनि घट्ने विश्वास लिइएको छ।

औद्योगिक करिडोरमा विद्युत् आपूर्तिको व्यवस्थापनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमार्फत् प्राप्त भएको बजेटमा सुनवल सबस्टेसन निर्माण गरिएको हो । प्राधिकरणले परासी र रुपन्देहीको भैरहवा औद्योगिक करिडोरमा विद्युत्को बढ्दो मागलाई सम्बोधन गर्न, प्रसारण क्षमता वृद्धि गर्न, प्राविधिक चुहावट घटाउन, भरपर्दो र गुणस्तरीय विद्युत् आपूर्तिका लागि सुनवल (भूमही)-हकुई एक ३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण अगाडि बढेको छ।

नवलपरासीको सुनवल नगरपालिका-१३ मा दुई सय २० र एक सय ३२ केभी नयाँ बुटवल सबस्टेसन निर्माण गरिएको छ। यही सबस्टेसनबाट भारतको गोरखपुरसम्म चार सय केभी क्षमताको प्रसारण लाइन बन्दै छ।

अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेञ्ज कर्पोरेसन (एमसिसी)बाट प्राप्त हुने अनुदान रकमबाट नयाँ बुटवलमा चार सय केभीको सबस्टेसन निर्माण गरिनेछ।

प्राधिकरणले नयाँ बुटवल-बर्दघाट दुई सय २० केभी २१ किलोमिटर प्रसारण लाइन निर्माण गरिरहेको छ। वन क्षेत्रको जग्गा प्रयोग र रूख कटानको स्वीकृतिमा भइरहेको ढिलाइले लामो समयदेखि प्रसारण लाइन निर्माण प्रभावित भइरहेको प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले बताउनुभयो । उहाँले नवलपरासी, रुपन्देहीको दक्षिणी क्षेत्रमा आगामी दिनमा हुने विद्युत्को मागलाई सम्बोधन गर्न दीर्घकालीन योजनाअन्तर्गत हुलाकी राजमार्गको आसपासबाट नयाँ बुटवल सबस्टेसनबाट कपिलवस्तुको मोतिपुर सबस्टेसनसम्म दुई सय २० केभी प्रसारण लाइन निर्माण गरिने बताउनुभयो।

प्राधिकरणले योगीकुटी (बुटवल)बाट मैनहियासम्मको एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइन र सबस्टेसनको निर्माण सम्पन्न गरी विद्युत् दिन थालेपछि भैरहवा क्षेत्रमा विद्युत् आपूर्तिमा सुधार आएको छ।

रुपन्देहीको भैरहवा क्षेत्रको विद्युत् आपूर्ति भरपर्दो तथा गुणस्तरीय, प्रसारण क्षमता वृद्धि र प्राविधिक चुहावट नियन्त्रणका प्रसारण लाइन र मैनहियामा एक सय ३२ केभी सबस्टेसन निर्माण गरी विद्युत् आपूर्ति दिइरहेको छ।

मैनहिया सबस्टेसनबाट भैरहवा क्षेत्रको विद्युत् दिन थालेपछि त्यस क्षेत्रको भोल्टेज सुधार भएपछि उद्योगीहरूबाट गुनासो आउन छाडेको प्राधिकरणका वितरण तथा ग्राहक सेवा निर्देशनालयका उपकार्यकारी निर्देशक मनोज सिलवालले बताउनुभयो।

स्थानीय रूपमा विद्युत् आपूर्तिका लागि मैनहिया सबस्टेसनबाट ३३ केभीका १० वटा फिडर निकालिएको छ। विद्युत्को भोल्टेजको सुधारका लागि दुईवटा क्यापासिटर बैंक राखिएको छ।

मैनहिया सबस्टेसनबाट भारतको उत्तरप्रदेशसँग विद्युत् प्रवाहका लागि एक सय ३२ केभी डबल सर्किट प्रसारण लाइन निर्माण सम्पन्न भएको छ। मैनहिया सबस्टेसनबाट भारतको उत्तर प्रदेशस्थित सम्पत्तिया (न्यू नौतनुवा) सबस्टेसन जोड्ने प्रसारण लाइन निर्माण सम्पन्न भएको हो।

भारततर्फको सबस्टेसनमा केही काम बाँकी रहेकाले प्रसारण लाइन सञ्चालनमा आएको छैन। अहिले उत्तर प्रदेशसँग ३३ केभीको मात्र प्रसारण संरचना छ। मैनहिया-सम्पत्तिया प्रसारण लाइनले नेपाल-भारतबीचको अन्तरदेशीय विद्युत् व्यापारलाई अझ सहज बनाउने विश्वास लिइएको छ ।रासस

# निर्वाचनलाई अपाङ्ग मैत्री बनाउन आग्रह

भरतपुर। नेत्रहीन युवा सङ्घ नेपाल चितवनले मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनलाई अपाङ्ग मैत्री बनाउन आग्रह गरेको छ । भरतपुरमा पत्रकार सम्मेलन आयोजना गरी संस्थाले अपाङ्गता भएका व्यक्तिहरूका लागि पहुँचयुक्त निर्वाचन गराउन माग गरेको हो।

मतदानस्थल, मतदाता शिक्षासमेत अपाङ्गता मैत्री बनाउन संस्थाका अध्यक्ष भूपराज पाठकले सरोकारवालालाई आग्रह गर्नुभएको छ । "यसअघिका निर्वाचन अपाङ्गता मैत्री हुन सकेको छैन। अहिलेको निर्वाचनमा मतदानस्थलमा ह्विलचियर जान मिल्ने व्यवस्था गर्नुपर्दछ, दृष्टिविहीनका लागि दृष्टिविहीन मैत्री निर्वाचन क्षेत्र र न्यून दृष्टिविहीन भएकाहरूलाई ठूलो आकारको मतपत्रसँगै उज्यालो ठाउँमा मतसङ्केत गर्ने व्यवस्था हुनुपर्दछ", उहाँले भन्नुभयो, "सुस्तश्रवणहरूका लागि निर्वाचन आयोगले बनाएको नियमानुसार दोभासेको व्यवस्था गरी पहुँचयुक्त मैत्री निर्वाचन गरिनुपर्दछ।"

निर्वाचन आयोग तथा राजनीतिक दलहरू पनि यसतर्फ सचेत हुनुपर्ने उहाँले बताउनुभयो । अपाङ्गता भएका व्यक्तिको राजनीतिक सहभागिता बढाउन र अपाङ्ग मैत्री निर्वाचन गराउन नेत्रहीन युवा सङ्घले चितवनमा विभिन्न कार्यक्रम गरी दबाब दिइरहेको छ। राजनीतिक दलहरूमा अपाङ्गता भएका व्यक्तिहरूको समान पहुँच र सहभागिताका लागि जिल्लाका सक्रिय राजनीतिक दललाई ज्ञापनपत्र बुझाएको संस्थाका सचिव किरण पन्तले जानकारी दिनुभयो । उहाँका अनुसार, मतदानस्थललाई अपाङ्गता मैत्री बनाउन निर्वाचन आयोगलाई समेत ध्यानाकर्षण गराइएको छ।

पर्यवेयक्षकका रूपमा अपाङ्गता भएका व्यक्तिको सहभागिता गराउन कास्की, रुपन्देही र चितवनका ३३ जनालाई प्रशिक्षण दिइएको पन्तले जानकारी दिनुभयो। तालिम प्राप्त २५ जना प्रशिक्षकमार्फत अपाङ्गता भएका व्यक्ति तीन सय २५ घरधुरीका एक हजार पाँच सयभन्दा बढीलाई मतदाता शिक्षा प्रदान गरिएको छ । चितवनको भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिकारखैरहनीनगरपालिकामा नमूना मतदान गरिएको उहाँले जानकारी दिनुभयो । नमूना मतदानमा शत्प्रतिशत मत सदर भएका थिए । यस्ता कार्यक्रमले निर्वाचनबारे सकारात्मक सन्देश जाने र मतको सही सदुपयोग हुने विश्वास संस्थाले लिएको छ ।रासस

# नौ वाणिज्य बैंकले घोषणा गरे लाभांश

काठमाण्डु । नौ वाणिज्य बैंकले लाभांश घोषणा गरेका छन् । बैंकहरूले आर्थिक वर्ष २०७८/७९ को नाफाबाट शेयरधनीलाई लाभांश वितरणको प्रस्ताव गरेका हुन् ।

सोमबार बिहानसम्म स्ट्यान्डर्ड चार्टर्ड, एभरेष्ट, ग्लोबल आइएमई, सानिमा, एनसिसी, बैंक अफ काठमाण्डू, कुमारी, सिटिजन्स र नेपाल इन्फ्रास्ट्रक्चर बैंकले लाभांशको प्रस्ताव गरेका हुन्। नौ वाणिज्य बैंकमध्ये सबैभन्दा धेरै लाभांश बैंक अफ काठमाण्डूको छ । बैंकले शेयरधनीलाई कुल २० दशमलव ९५ प्रतिशत लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । त्यसैगरी सबैभन्दा कम सिटिजन्स बैंकले नौ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ।

बैंकहरूको लाभांश प्रस्तावलाई नेपाल राष्ट्र बैंकले स्वीकृत तथा बैंकको वार्षिक साधारणसभाले पारित गरेपछि मात्र शेयरधनीले पाउनेछन् ।

**कुन बैंकको कति ?**

गत आवको नाफाबाट एभरेष्ट बैंक लिमिटेडले शेयरधनीलाई २० दशमलव ६८ प्रतिशत लाभांश वितरणको प्रस्ताव गरेको छ। बैंक सञ्चालक समितिको बैठकले शेयरधनीलाई १३ प्रतिशत बोनस शेयर र सात दशमलव ६८ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको हो।

यस्तै, स्ट्यान्डर्ड चार्टर्ड बैंकले १६.५१ प्रतिशत नगद लाभांश दिने प्रस्ताव गरेको छ भने ग्लोबल आइएमई बैंकले तीन प्रतिशत बोनस शेयर र १० दशमलव छ प्रतिशत नगद शेयर गरी कुल १३ दशमलव छ प्रतिशत प्रस्ताव गरेको छ। यस्तैगरी, सानिमा बैंकले १० प्रतिशत बोनस र शुन्य दशमलव ९८ प्रतिशत नगद शेयर गरी शेयरधनीलाई १० दशमलव ९८ प्रतिशत, एनसिसी बैंकले तीन दशमलव ३६ प्रतिशत बोनस र सात दशमलव ६३ प्रतिशत नगद गरी ११ प्रतिशत र बैंक अफ काठमाण्डूले छ प्रतिशत बोनस शेयर र १४ दशमलव ९५ प्रतिशत नगद शेयर गरी कुल २० दशमलव ९५ प्रतिशत लाभांश वितरण गर्ने घोषणा गरेका छन्।

कुमारी बैंकले १२ दशमलव ५ प्रतिशत, सिटिजन्स इन्टरनेसनल बैंकले नौ प्रतिशत र नेपाल इन्फ्रास्ट्रक्चर बैंकले ४ शमलव २१ प्रतिशत नगद लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ। लाभांश घोषणा गरेका नौ वाणिज्य बैंकमध्ये एनसिसी, कुमारी र सिटिजन्स बैंकको बुक क्लोज भइसकेको छ ।रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पारिवाहिक सुख। |
| बृष | : बौद्धिक क्षमता। |
| मिथुन | : पुरस्कार प्राप्त लाभ। |
| कर्कट | : सुख समृद्धि हुने। |
| सिंह | : शिक्षामा उन्नति। |
| कन्या | : वाद विवादबाट बच्नु। |
| तुला | : भ्रमण अवसर हुने। |
| वृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : प्रेम प्रसंग, मित्र सुख। |
| कुम्भ | : नयाँ कार्य हुने। |
| मीन | : अवसर प्राप्त। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |

| | |
|---|---|
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



भाई बहिनीको प्रेम सदभावको प्रतिक समा चकेवा पर्वको समापनमा भाइलाई कोशेली दिँदै बहिनी । *तस्विर : टुडे*

# महिला मतदाता भन्छन्, "यसपालिको भोट विकासप्रेमीलाई"

पोखरिया । विभिन्न राजनीतिक दलका उम्मेदवार हरूले दैनिक गाउँ-गाउँमा चुनावी कार्यक्रम गरी मतदातालाई आफ्नो पक्षमा तान्न निकै लागेको देखिन्छ, तर चुनावमा मत दिने मतदाता भने खासै उत्साहित देखिदैनन् । जितेर गएपछि आफ्नै दुनो सोज्याउने काम मात्र नेताहरूले गरेको उनीहरूको भनाइ छ । नेताहरूले आफ्ना चुनावी वाचा पूरा नगर्दा भने महिला मतदाता असन्तुष्ट छन् ।

वर्षौंदेखि प्रत्येक चुनावमा विकास निर्माणका योजना ल्याएर गाउँलेको जीवन नै परिवर्तन गर्ने आश्वासन दिने गरेको महिला बताउँछन् । रोजगार, शिक्षा, स्वास्थ्य, विद्यालय, सडकलगायतको सुविधा मिल्ने र गाउँमा विकासको लहर ल्याउनेजस्ता नारा प्रत्येक चुनावका बेला हुन्छ तर उक्त आश्वासन नारामा सीमित हुने गरेको उनीहरूको गुनासो छ । पहिलेको भन्दा केही फरक भए पनि, केही परिवर्तन आए पनि अझ धेरै सकारात्मक परिवर्तनको खाँचो रहेको मतदाता बताउँछन् । दलका उम्मेदवार फेरि पनि आश्वासनको पोको लिएर घरदैलोमा पुग्न थालेका छन् । आफू जिते, गाउँगाउँमा सडक, स्वास्थ्य, खानेपानी, सिँचाइ, विद्यालयलगायत सबैमा आश्वासन फेरी दोहोऱ्याइरहेका छन् । निर्वाचन नजिकिएपछि गाडीमा आ-आफ्ना दलका झण्डा फहराउँदै उम्मेदवार गाउँ पस्न थालेका छन् ।

पर्सा पकाहा मैनपुरकी सरस्वतीदेवी, नेताहरूले जितेको भोलिपल्टदेखि नै विकासको लहर चलाउने भनिए पनि त्यो अनुसारको कार्य कमै मात्रामा गरेको देखेका छौं । नाला, सडक, विद्यालयलगायतमा अझ सुधार हुन बाँकी छ । फेरि विभिन्न आश्वासन लिएर नेताहरू घरदैलोमा आइरहेका छन् । विश्वास गर्नुको विकल्प छैन तर यसपालि सोचेर मात्रै विकास गर्ने, गरिबलाई हेर्ने व्यक्तिलाई भोट दिने निर्णयमा छु ।पर्साकी परवानीपुरकी सोनमती देवी भन्छिन्, "गाउँमा भोट माग्न आउँदा वर्षौवर्षको चिनजान भएको जस्तो अपनत्व देखाउने गरेको भएपनि जितेपछि गुहार माग्न जाँदा चिन्दिन भन्छन् । घर बनाइदिने, एक घर एक रोजगारीको व्यवस्था गर्ने भनेर गए तर केही गरेनन् ।" गाउँभरिमा विद्यालय एउटा मात्रै छ त्यसमा पनि गुणस्तरीय पढाइ नहुने गरेकाले बालबालिकाको भविष्य अन्धकारमय भइरहेको छ ।

यतिबेला गाउँदेखि सहरसम्म उम्मेदवार भोट माग्ने चटारोमा छन् । चुनाव जित्नका लागि मधेश प्रदेशमा राजनीतिक दलहरूले चुनावी गठबन्धन गरेर अगाडि बढेका छन् । निर्वाचनको मिति नजिकिँदै गर्दा मधेश प्रदेशका राजनीतिक दलका उम्मेद्वारहरू आ-आफ्ना चुनावी अभियानलाई ग्रामीण क्षेत्रमा केन्द्रित गर्न थालेका छन् । लाउड स्पिकर, कार्यकर्तासहित भोट माग्दै जनताका घरदैलोमा उम्मेदवार पुग्न थालेका छन् । ग्रामीण भेगका किसानलाई भने चुनावले नछोएको पर्सा विन्दसिनीका ७० वर्षिय हरिशङ्कर प्रसाद बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "नेताहरू आफ्नो जरुरी परेको बेलामा मात्र आउँछन् अनि त्यसपछि कोही आउँदैनन् । हेर्नुस् न केही विकास भएको छैन हाम्रो गाउँमा । खेती किसानीका लागि खाद, सिँचाइ सबै महँगो भइसक्यो । हाम्रो समस्या बुझिदिने कोही भएनन् ।"

स्थानीय अर्का वासिन्दा राजेश कुर्मी भन्नुहुन्छ, "युवाका लागि रोजगारीको अवसर नहुँदा गाउँका अधिकांश युवाहरू यत्तिकै भौंतारिनु परेको वा बाध्यताले विदेसिनु बाहेकको विकल्प छैन । गरिबका बालबालिकाको लागि त न गुणस्तरीय विद्यालय छ न त औषधि उपचारका लागि गुणस्तरीय स्वास्थ्य चौकी नै ।" पछिल्लो समय चुनावमा पढे लेखेका राम्रा व्यक्ति पनि उम्मेद्वारको रूपमा देखा पर्दा केही आशा पलाएको उहाँको भनाइ छ । पहिले निर्वाचनका बेला गरेका कुलहरू कुनै पूरा नभएपछि यसपटक पनि विकासको नारा फलाक्दै हिडेका नेता तथा उम्मेद्वारहरूका कुरामा धेरैले खासै चासो देखाएको पाइँदैन । सडक विस्तार, शिक्षामा सुधार, स्वास्थ्य तथा रोजगारीमा पहुँच, खानेपानी, फोहोर व्यवस्थापनलगायतका विकासका कुनै काम नभएको महिला मतदाताहरूको गुनासो रहेको छ ।

***पहिले निर्वाचनका बेला गरेका कुलहरू कुनै पूरा नभएपछि यसपटक पनि विकासको नारा फलाक्दै हिडेका नेता तथा उम्मेद्वारहरूका कुरामा धेरैले खासै चासो देखाएको पाइँदैन । सडक विस्तार, शिक्षामा सुधार, स्वास्थ्य तथा रोजगारीमा पहुँच, खानेपानी, फोहोर व्यवस्थापनलगायतका विकासका कुनै काम नभएको महिला मतदाताहरूको गुनासो रहेको छ ।***

गाउँगाउँमा मतदाता शिक्षाको पनि अभाव रहेको देखिन्छ । प्रतिनिधिसभा र प्रदेशसभाका उम्मेदवारलाई के कसरी कस्तो मतपत्रमा मतदान गर्ने हो भन्ने तरिका पनि सिकाउन अझै उम्मेदवार र तिनका प्रतिनिधिहरू नआएको उनीहरू बताउँछन् । पर्सामा पुरुष एक लाख ९४ हजार नौ सय चार, महिला एक लाख ५१ हजार आठ र अन्य १६ गरी कुल तीन लाख ४५ हजार नौ सय २८ मतदाता रहेका छन् ।रासस

# ठाकुर, बस्नेत र नेपालले प्रचारप्रसारमा बालबालिका प्रयोग गरेकोमा स्पष्टीकरण

**टुडे समाचारदाता**

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टीका अध्यक्ष एवं प्रतिनिधि सभा सदस्यका लागि महोत्तरी क्षेत्र नं. ३ का उम्मेदवार महन्थ ठाकुर, नेकपा (एमाले)को तर्फबाट प्रदेश सभा सदस्यका लागि दाङ क्षेत्र नं. ३ (२)का उम्मेदवार हुकुम बहादुर बस्नेत तथा प्रतिनिधि सभा सदस्यका लागि झापा क्षेत्र नं. २ का स्वतन्त्र उम्मेदवार भद्रप्रसाद नेपाललाई निर्वाचन आयोगले स्पष्टिकरण सोधेको छ ।

स्पष्टीकरण पत्रमा ठाकुरले बालबालिकालाई आफ्नो निर्वाचन चिन्ह अंकित पम्प्लेट लिई वितरण गर्न हिडिरहेको देखिने सामग्री संलग्न गरी आयोगमा उजुरी प्राप्त भएको, बस्नेतले आफ्नो निर्वाचन प्रचारप्रसार गर्दा बालबालिकाको प्रयोग गरेको फोटो समेतको सामग्री आयोगमा प्राप्त भएको, तथा नेपालले बालबालिकाको समूहमा हात मिलाउँदै 'भोट के मा खुकुरीमा' भनी नारा लगाउन लगाएको देखिने श्रव्यदृश्य सामग्री समेत संलग्न गरी आयोगमा उजुरी प्राप्त भएको उल्लेख छ ।

स्पष्टीकरण पत्रमा ठाकुर र नेपाललाई कुनै माध्यमबाट पत्र प्राप्त भएको २४ घण्टाभित्र निर्वाचन आयोग वा आ-आफ्नो जिल्ला निर्वाचन कार्यलयमा प्राप्त हुनेगरी स्पष्टीकरण जवाफ पेश गर्न निर्देशन दिएको छ ।

बस्नेतलाई २४ घण्टाभित्र आफैँ वा आफ्नो प्रतिनिधिमार्फत निर्वाचन आयोग वा जिल्ला निर्वाचन कार्यलय दाङमा प्राप्त हुनेगरी जवाफ पेश गर्न निर्देशन दिइएको छ।

निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नु पर्ने आचरण अन्तर्गत उपदफा (१) को खण्ड (ट)लाई उल्लेख गर्दै लेखिएको पत्रमा भनिएको छ, "निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने व्यवस्था छ ।

तपाईंले बालबालिकाहरू जम्मा गरी आफ्नो निर्वाचन प्रचारप्रसार गरेको कार्य निर्वाचन आचारसंहिताको उल्लेखित दफा १३ को उपदफा (१) को खण्ड (ट) को प्रतिकूल रहेको देखिन्छ ।' पत्रमा उम्मेदवार द्वयले निम्नानुसारका प्रश्नहरूको जवाफ दिनुपर्ने उल्लेख गरिएको छ ।

(क)तपाईंले निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (१) को खण्ड (ट) को प्रतिकूल हुनेगरी निर्वाचन प्रचारप्रसार गर्नु भएको होईन भन्ने आधार, प्रमाण के छ ?

(ख)निर्वाचनका प्रक्रियाहरु अगाडि बढिसकेको तथा निर्वाचन आचारसंहिता लागू भै सकेको अवस्थामा तपाईंले किन जानाजान रुपमा निर्वाचन आचारसंहिताको उल्लंघन हुने कार्य गर्नुभएको हो ?

(ग)निर्वाचन प्रचारप्रसारमा बालबालिकाको प्रयोग गर्नु हुँदैन भन्ने जानकारी हुँदाहुँदै तपाईंले सो कार्य गरेको देखिएकोले निर्वाचन आचारसंहिताको उल्लंघनमा तपाईंलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) र (४) बमोजिमको कारबाही किन हुनु नपर्ने हो ?

# सुरक्षित मतदान र विश्वसिलो मतपरिणाम आयोगको लक्ष्य : प्रमुख निर्वाचन आयुक्त



काठमाण्डु । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचन आयोग सुरक्षित मतदान, सुरक्षित मतगणना र विश्वसिलो मतपरिणामको लक्ष्यका साथ निर्वाचनको सम्पूर्ण तयारीमा जुटेको बताउनुभएको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि निर्वाचन आयोगमा सोमबारदेखि सुरु भएको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) को शुभारम्भ गर्दै प्रमुख आयुक्त थपलियाले निर्वाचनको तयारीका क्रममा सामग्री र जनशक्ति व्यवस्थापन, सुरक्षा प्रबन्ध र अनुगमनको मिहिन विश्लेषण गरेर तत्काल सम्बोधन गर्नुपर्ने विषयमा संयन्त्र विकास गरिएको बतानुभयो ।

उहाँले नवस्थापित केन्द्रले मतदानस्थलसम्म सिधैँ र नियमित सम्पर्क राख्नुपर्ने, खटिएका कर्मचारी सम्बन्धितस्थलमा पुगे/नपुगेको जानकारी लिने, वडास्तरमा जारी मतदाता शिक्षा सञ्चालनको अवस्था बुझ्ने, आचारसंहिता परिपालनामा आवश्यकता अनुसार सघाउने, जिल्लास्थित निर्वाचन कमाण्ड सेलसँग समन्वय बढाउने तथा मतदानपछि मतपेटिका र गणनाको सुरक्षालगायतका विषयमा आवश्यक समन्वय र सहयोग गर्नुपर्ने कार्यदिशबारे स्पष्ट पार्नुभयो ।

निर्वाचन सुरक्षा र अनुगमनसम्बन्धी निर्देशिकाबमोजिम आयोगका सचिवको नेतृत्वमा गृह मन्त्रालयका सहसचिव, चार वटै सुरक्षा निकायका राजपत्राङ्कित प्रथम श्रेणीसरहका प्रतिनिधित्वमा केन्द्रको स्थापना भएको हो ।रासस

# डेङ्गु सङ्क्रमण ह्वातै घट्यो

काठमाण्डु । वर्षायामसँग बढेको डेङ्गुको सङ्क्रमण ह्वात्तै घटेको छ । वर्षायाम सकिएको र जाडो सुरु हुन थालेपछि डेङ्गुको सङ्क्रमण घटेको हो । अहिले मौसम चिसो भएको र लामुखुट्टेको हुर्कने पानी जम्ने ठाउँ नभएपछि 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टे पनि हराउँदै गएको छ । जसले गर्दा डेङ्गुको सङ्क्रमण पनि कम हुदै गएको छ ।

वर्षायाममा कुनै समय एकहप्तामा पाँच हजार भन्दा बढी डेङ्गुका बिरामी भेटिएका थिए । अहिले त्यो सङ्ख्या निकै घटेको छ । गत मङ्गलबार (यही कात्तिक १५ देखि कात्तिक २० गते) सम्म छ सय २४ जनामा मात्र डेङ्गुका बिरामी भेटिएको स्वास्थ्य सेवा विभाग इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाले जनाएको छ ।

जबकि अंग्रेजी महिना अक्टोबरमा (गत असोज १५ देखि कात्तिक १५सम्म) मा १७ हजार सात सय १७ जनामा र अङ्ग्रेजी महिना सेप्टेम्बरमा २७ हजार पाँच सय २९ जनामा डेङ्गुको सङ्क्रमण देखिएको थियो । इपिडिमियोलोजी तथा सरुवा रोग नियन्त्रण महाशाखाका निर्देशक डा चुमनलाल दासले डेङ्गुको सङ्क्रमण विगत दुई हप्तादेखि घटेको बताउनुभयो । उहाँले वातावरणको प्रभाव र रोकथाम तथा नियन्त्रणमा गरेको कामको आधारमा डेङ्गुका बिरामी घटेको बताउनु भयो । महाशाखाकै कीटजन्यरोग शाखाप्रमुख डा गोकर्ण दाहालले जनवरीदेखि ३७औँ हप्तासम्म डेङ्गुको सङ्क्रमण बढेको र त्यसपछि ३८औँ हप्तादेखि घटन सुरु भएको जानकारी दिनुभयो । उहाँका अनुसार ४३औँ हप्तामामा हजारभन्दा कमको सङ्ख्यामा डेङ्गुका बिरामी भेटिएका छन् । ४४औँ हप्तामा आइपुग्दा छ सय २४ जनामा मात्र डेङ्गुको सङ्क्रमण देखिएको छ ।

उहाँले अवको १५ दिनभित्र यो सङ्ख्या निकै कम हुने बताउनुभयो । महाशाखाका निर्देशक डा दासका अनुसार सङ्क्रमण दर उच्च भएको बेला नेपालमा डेङ्गु-१, डेङ्गु-२, डेङ्गु-३ र डेङ्गु-४ चार प्रकारका देखिएका थिए । महाशाखाका निर्देशक डा दासले सङ्क्रमण अघि गरिएको १२ वटा नमूनामा सात वटामा डेङ्गु-१ र पाँच वटा नमूनामा डेङ्गु-३ देखिएको जानकारी दिनुभयो । अहिले फेरि कुन तहको डेङ्गु रहेको छ भनेर पत्ता लगाउनका लागि नमूना परीक्षण गरिएको छ । त्यसको रिर्पोट अझै नआएको उहाँको भनाइ छ ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका निर्देशक डा मनिषा रावलका अनुसार अहिले अस्पतालमा नौ जना मात्र बिरामी रहेका छन् । तीमध्ये तीन जना सघन उपचार कक्ष (आइसियु) र छजना साधारण शय्यामा उपचाररत रहेका छन् । अस्पतालका प्रमुख कल्सन्टेन्ट फिजिसियन डा बिमल चालिसे विगत १५ दिनदेखि डेङ्गुका बिरामी आउनेको सङ्ख्यामा कमी भएको बताउनुभयो । उहाँले जाडो भएसँगै डेङ्गुको सङ्क्रमण गराउने लामुखुट्टेको सक्रियता कम भएको, मानिसले पनि बाक्लो हातखुट्टा छोपिने कपडा लगाउने गरेकोले डेङ्गुका बिरामी घटेको बताउनुहुन्छ ।

उहाँले अस्पतालको आकस्मिक सेवा, बहिरङ्ग सेवा र परीक्षण गराउने आउने बिरामी घटेको बताउनुहुन्छ । अस्पतालमा पहिले दैनिक एक सय ५० देखि एक सय ७० बिरामी उपचार गर्न आउने गरेपनि अहिले त्यो सङ्ख्या घटेको छ । साँझ-बिहानको समयमा सक्रिय हुने मौसममा सफा र जमेको पानीमा बस्न 'एडिज एजिप्टी' र 'एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेको टोकाइबाट डेङ्गुको सङ्क्रमण हुने गर्दथ्यो । नेपालमा यसवर्ष सबैभन्दा बढी डेङ्गुका बिरामी भेटिएका छन् । असारदेखि असोज मसान्तसम्म सबैभन्दा बढी डेङ्गुका बिरामी भेटिएका हुन् । यसवर्ष मात्र ५० हजार दुई सय ६३ जना डेङ्गुका बिरामी भेटिएका छन् ।

तीमध्ये ५४ जनाको डेङ्गुका कारणले निधन भइसकेको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालका सूचना अधिकारी रामविक्रम अधिकारीले डेङ्गुका बिरामी घटेको बताउनुहुन्छ । उहाँका अनुसार अहिले २० जना मात्र डेङ्गुका बिरामी उपचारत रहेका छन् । नेपालमा पहिलो पटक सन २००४ मा एक जनामा डेङ्गु देखिएको थियो । सन् २००५ मा भने डेङ्गुका बिरामी देखिएनन् । त्यसपछि सन् २००६ देखि डेङ्गुको सङ्क्रमण देखिँदै आएको छ । सन् २००६ मा ३२ जना, २०१० मा नौ सय १७ जना, २०१३ मा छ सय ८६ जना, २०१६ मा एक हजार पाँच सय २७ जना, २०१७ मा दुई हजार एक सय ११ जना, २०१८ मा आठ सय ११ जना र २०१९ मा डेङ्गु बढेको पाइन्छ ।

तीमध्ये सबैभन्दा बढी २०१९ मा १७ हजार नौ सय ९२ जनामा डेँगुका बिरामी देखिएका थिए । त्यसपछि कोरोना भाइरसका कारणले नेपालमा डेङ्गुको सङ्क्रमण कम देखिएको छ । सन् २०२० मा पाँच सय ३० जना र सन् २०२१ मा पाँच सय ४० जना डेङ्गुका बिरामी देखिएका थिए । पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस' प्रजातिको लामखुट्टेले फुल पार्दछ र ती फूल लार्भा निस्कन्छ र त्यहीँ लार्भा वयस्क भएपछि टोकेर डेङ्गुको रोग लाग्ने गर्दछ । पछिल्लो समय लामखुट्टेको टोकाइबाट लाग्ने रोग डेंगुका बिरामी बढ्दै गएपछि काठमाडौँ महानगरकाले 'लार्भा खोज र नष्ट गर' अभियान सञ्चालन गरेको थियो ।रासस

# एकपक्षीय समाचार सम्प्रेषण नगर्न प्रेस काउन्सिलको ध्यानाकर्षण

काठमाण्डु । प्रेस काउन्सिल नेपालले निर्वाचन केन्द्रित समाचार तथा विज्ञापनहरू एकपक्षीय रूपमा सम्प्रेषण नगर्न आग्रह गरेको छ । काउन्सिलले जारी गरेको प्रेस विज्ञप्तिमा सञ्चार माध्यमलाई निर्वाचनको प्रचारप्रसारको क्रममा निर्वाचनमा सहभागी राजनीतिक दलका आमसभा/भेलाजस्ता कार्यक्रम चलिरहेको अवस्थामा यस्ता कार्यक्रमको समाचार एकपक्षीय रूपमा सम्प्रेषण नगर्न ध्यानाकर्षण गराएको हो ।

सञ्चार माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको मत आह्वान विज्ञापनहरू प्रकाशन/प्रसारण गर्दा निर्वाचन आचारसंहिताबमोजिम सो विज्ञापनमा सःशुल्क भएको जनाउ दिनुपर्नेमा ध्यानाकर्षण गरेको छ । काउन्सिलले आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरिएका कतिपय अनुगमन, कारबाही, अपिलजस्ता विषयलाई अन्यथा रूपमा नबुझ्न सम्बन्धित पक्षलाई आग्रह पनि गरेको छ । काउन्सिलका सहप्रवक्ता एवं सूचना अधिकारी रामशरण बोहोराले स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनका लागि कटिबद्ध रही आफ्नो अधिकार क्षेत्रभित्र रहेर गरिएका कतिपय अनुगमन, कारबाही, अपिलजस्ता विषयलाई अन्यथा रूपमा नबुझ्न र भ्रमपूर्ण तवरले प्रचारप्रसार नगर्न आग्रह गर्नुभयो ।

अनुगमनका क्रममा कतिपय सञ्चार माध्यमबाट राजनीतिक दल तथा उम्मेदवारको मत आह्वानसम्बन्धी विज्ञापनहरू प्रकाशन/प्रसारण भइरहेको उल्लेख गर्दै तोकिएको आकार, समय र पटकलाई ध्यान दिन भनिएको छ । निर्वाचन आचारसंहिता, २०७९ को दफा २५ (घ) मा 'राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने' र २५(ङ) मा दफा १५ बमोजिम राजनीतिक दल वा उम्मेदवारको निर्वाचनसम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्दा सो विज्ञापनमा सःशुल्क भएको जनाउ दिनुपर्ने' व्यवस्था रहेको छ ।रासस


**कमला नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**माचि झिटकहिया, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**बोलपत्र रद्द गरिएको सम्बन्धी सूचना**

**प्रकाशित मिति : २०७९/०७/२२**

यस कमला नगरपालिकाको आ.व. २०७८/०७९ को ठेक्का नं. KM/Works/01/2078-79 अन्तर्गत Construction of Ram Janaki Bridge between Kamala-9 & Kamala 5-6 को बोलपत्र प्रथम पटक प्रकाशित मितिः २०७९/०१/०८ (21 April, 2022) मा आह्वान गरिएकोमा यस कार्यालयको मितिः२०७९/०७/२१ को निर्णयानुसार हाललाई सो बोलपत्र रद्द गरीएको सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# निर्वाचनमा बढ्दो खर्च

प्रदेश र प्रतिनिधि सभाको भइरहेको चुनावमा उम्मेदवारहरुको खर्च ह्वात्तै बढेको छ ।छठ पर्व सम्पन्न भएसँगै मधेश प्रदेशका जिल्लाहरुमा प्रतिस्पर्धी उम्मेदवारहरुको खर्च अत्यधिक बढेको छ ।निर्वाचन आयोगले निर्धारण गरेको खर्चको सीमा त उम्मेदवार हरुले तिहार अगावै पार गरिसकेका छन् ।चुनावको अन्तिम पूर्वको चरण चलिरहेको छ ।यसमा उम्मेदवारहरुले जग्गाजमिन बेचेर, चन्दा मागेर, साथीभाईबाट ऋण सापटी लिएर भए पनि खर्चमा कुनै कसर बाँकी राखेका छैनन् ।खर्चको सबै सीमाहरु पार भइरहेको छ ।नगदको लेनदेन पनि व्यापक भएको छ ।होटेलमा चुनावी कार्यकर्ताहरुको घुँइचो लाग्ने गरेको छ ।होटेलहरु पनि दलगत रुपमा बाँडिएका छन् ।बिहानदेखि प्रचारमा रहने कार्यकर्ताहरु दिनमा समेत माछा र मासु खान पाउँछन् ।साँझ कार्यकर्ताहरुको स्वरुची अनुसारको आहार उपलब्ध गराइन्छ ।शाकाहारी कार्यकर्ताहरुले खानेकुराका अतिरिक्त केही नगद समेत प्राप्त गर्छन् ।तर मांसाहारी कार्यकर्ताहरुले मद्यमांस ग्रहण गर्छन् ।आर्थिक रुपले कमजोर देखिएका उम्मेदवारहरु विस्तारै चुनावी मैदानबाट ओझेल हुन थालेका छन् ।सम्भ्रान्त उम्मेदवारहरुले गर्ने खर्चको अगाडि उनीहरु टिक्न सक्दैनन् ।आर्थिक अवस्था सबल नभएका उम्मेदवारहरुको सहयोगी कार्यकर्ताहरु मद्यमांसको व्यवस्थासँगै नगदसमेत उपलब्ध गराउने तिर सोझिएका छन् ।निर्वाचन आचारसंहिताको पूर्ण पालना गर्ने उम्मेदवारहरुसित सीमित मानिसहरु घुमेको देखिन्छ ।तर आर्थिक रुपमा सम्पन्न उम्मेदवार हरुले खर्चको दायरालाई फराकिलो बनाउँदै कार्यकर्ताहरुको मनोबल उच्च बनाएका छन् ।चुनावमा खर्चको दायरा फराकिलो भइरहेको बेला प्रतिस्पर्धाको दायरा साँघुरो हुन थालेको छ ।त्रिकोणात्मक र त्यस भन्दा बढी उम्मेदवारहरुबीच प्रतिस्पर्धा हुने प्रारम्भिक चरणमा देखिए पनि हाल त्यो घटेर सोझो प्रतिस्पर्धा हुनेमा सीमित हुन थालेको छ ।कतिपय क्षेत्रमा त जित्ने उम्मेदवार अगाडि बढन थालिसकेका छन् ।निर्वाचन आयोगले आचारसंहिता र निर्देशनको जतिसुकै प्रचार गरे पनि उम्मेदवार हरुले त्यसलाई धोती लगाइदिएका छन् ।एउटै उम्मेदवारको दर्जन बढी सवारी साधन प्रचार प्रसारमा कुदिरहेका छन् ।त्यसले पनि उम्मेदवारहरुको खर्चलाई बढाएको छ ।आयोगले विदेशी नम्बरको सवारी साधन चुनाव प्रयोजनका लागि नगर्न कडा निर्देशन दिएको छ ।तर मधेश प्रदेशमा सबै उम्मेदवारहरुले भारतीय नम्बरको दर्जनौ गाडी कुदाइरहेका छन् ।उम्मेदवारहरुले खर्चको दायरालाई फराकिलो बनाएसँगै चुनावको माहोल पनि फेरिएको छ ।कार्यकर्ताहरुमा उर्जा थपिएको छ ।मधेश प्रदेशको ग्रामीण भेगमा पनि कार्यकर्ताहरुमा निकै जोश देखिन्छ ।दशैं अगाडि सम्म ग्रामीण भेगका सुकेका होटेलहरुमा अहिले हरियाली देखिएको छ ।दिउँसोदेखि नै कार्यकर्ताहरुको भीड लाग्न थालेको छ ।यी सबैका लागि उम्मेदवारहरुले पर्याप्त रकमको जोहो गरेका छन् ।त्यसले चुनावमा खर्चको सबै हद पार भएकोछ ।

## विद्यापति दिवस विशेष

# विद्यापति, बनौली, र केही नेपाल सन्दर्भ



**रोशन जनकपुरी**

**"विद्यापति केर आयू अवसान, कार्तिक धवल त्रयोदशि जान"**

मैथिली महाकवि विद्यापतिको मृत्युको बारे लेखिएको आधारमा कार्तिक शुक्ल त्रयोदशिको दिनउनको स्मृति दिवस मनाइने गरिन्छ । यस वर्ष कार्तिक २० गते उनको दिवस परेको थियो । विद्यापतिको मृत्यु कुन वर्षमा भयो ? यस विषयमा सटिक प्रमाणहरु पाइएको छैन। यस बारेमा विद्वानहरुमा विवाद छ। त्यसैले विद्वानहरुको मतहरुको आधारमा विद्यापतिको मृत्यु सन् १३४०देखी १३५०को बीचमा हुनुपर्ने अनुमान गरिन्छ । विद्यापतिको जीजुबाजे वीरेश्वर सिमरौनगढ़ (हाल बारा नेपाल)लाई केन्द्र बनाएर तिरहुतराज्य सञ्चालन गरिरहेको कर्णाटवंशका अन्तिम राजा हरिसिंह देवका भाण्डारिक थिए । वीरेश्वर ठाकुरका सातभाई मध्येका एक भाई चन्डेश्वर हरिसिंहदेवका प्रधान सेनापति थिए, जस्ले भक्तपुरराज्य (हालको काठमाँडौ उपत्यका)मा आक्रमण गरेर कम्तीमा अढाईवर्ष राज्य गरेका थिए।

भारतीय मिथिलाका तत्कालीन ओइनिवारवंशी राज घरानासंग उनको अत्यन्त निकटको सम्बन्ध थियो । आफ्नो शतकीय जीवनकालमा मृत्यपर्यन्त कम्तीमा सातदेखी आठवटा शासकहरु उनले बेहोरे। तर उनि राजा शिवसिंहका बाल सखा, अनन्य मित्र तथा राजकविको रुपमा बढी प्रसिद्ध छन् । भारतमा जौनपुरको नवाबसंगको युद्धमा राजा शिवसिंह फँसेपछि विद्यापति रानी लखिमा देवी र राजपरिवारका सदस्यहरु सहित सुरक्षित आश्रयको खोजीमा सप्तरी जनपदको बनौलीमा शरण लिन आएका थिए । त्यतिबेला सप्तरीमा द्रोणवार(दोनवार) राजा पुरादित्य राजा शिवसिंहका मित्र थिए । विद्यापतिको नेपाल सन्दर्भ यहीँबाट शुरु हुन्छ।

करीब बाह्रवर्षको नेपाल बसाईको क्रममा विद्यापतिले राजा पुरादित्यको आदेशमा राजकीय पत्रलेखन र व्यवहारसंग सम्बन्धित 'लिखनावली'को रचना गरेका थिए भने रानी लखिमाको आदेशमा 'श्रीमद्भागवत' सारेका थिए । विद्यापति पदावलीका श्रृङ्गार र विविध पदहरुको रचना राजा शिवसिंह लगायत अन्य आश्रयदाता राजाहरुकोदरबारमा भएको थियो भने अधिकांश भक्तिप्रधान रचनाहरु राजा पुरादित्यको आश्रयमा रहँदाका बेला रचिएको हो।

विद्यापतिले आश्रय लिएको बनौली कुन हो ? यसबारे नेपालकै विद्वानहरुमा व्यापक विवाद छ। केहीको मतमा विद्यापतिले आश्रय लिएको ठाउँ महोत्तरीको बनौली हो भने केहीको मतमा सप्तरीस्थित बनौली र केहीले सिरहा स्थित बनौलीको पक्षमा मत दिइरहेका छन् । मूख्यतः महोत्तरी र सप्तरीको बनौलीबारे बढी दावीहरु आएका छन्।

यद्यपि लोक वृत्तान्तहरुको आधार मान्ने हो भने सिरहालाई पनि उपेक्षा सकिँदैन । सप्तरीका राजा पुरादित्य विद्यापतिका आश्रयदाता ओइनिवारवंशी राजा शिवसिंहका मित्र भएको तथा अहिलेको सप्तरी जिल्लामापनि बनौली रहनुले विद्यापतिले आश्रय लिएको सप्तरी नै हो भन्ने दावीलाई बल पुऱ्याउँछ। तर त्यतिबेला हालको सिरहापनि सप्तरी जनपद अन्तर्गत नै थियो र सिरहाको पताइर पोखरी नजिक लाटीबौकीको मन्दिर छ। लोक किम्बदन्ती अनुसार लाटीबौकी शिवसिंहकी रानी लखिमा देवी हुन। लखिमा देवी अर्थात लाटीबौकी देवी दोनवार हरुका आराध्यदेवी छिन्।

दोनवारहरुको लोकमान्यता अनुसार वैशाख १ गते जुडशीतल (स्थानीय भाषामा सिरुवा )को दिनउनिहरुले लाटीबौकी देवीको पूजा गर्दछन् । यसदिन यहाँ मेला लाग्दछ । किम्बदन्ती अनुसार विद्यापतिसंगै नेपालको सप्तरी जिल्लाको राजबनौलीमा शरण लिन आएकी राजा शिवसिंहकी रानी लखिमा देवीले आफ्ना पति युद्धमा मारिएको खबर पाएपछि अचेत भएकी थिइन । उनले त्यहीँ कुशको राजा शिवसिंहको प्रतीक शव बनाएर त्यससंग सती भइन। यिनै शोकग्रस्त रानी लखिमा देवीलाई दोनवारहरुले लाटी बौकीदेवी मानेर पूजा गर्दछन्। बनौली शब्दले वनप्रान्तरमा रहेको स्थलको अर्थ दिन्छ। लाटीबौकी देवीको मन्दिर अहिलेपनि वन्यक्षेत्र जस्तै छ। यसरी विद्यापतिले आश्रय लिएको बनौली सिरहामा थियो भन्ने तर्कलाईपनि एकदमै उपेक्षा गर्न सकिँदैन।

महोत्तरीको बनौलीको बारेमा कयौं विद्वानहरुले दावी गरेका छन्, तर उनिहरुले पोखरी र डीह बाहेक अन्य कुनै ठोस प्रमाण वा तथ्य प्रस्तुत गरेका छैनन् । महोत्तरीको बनौलीको आधार सम्भवतः सन् १९०१मा प्रकाशित विद्यापति रचित 'लिखनावली'को प्रकाशकीयमा मैथिलीका प्रसिद्ध कविश्वर चन्दा झालाई उल्लेख गर्दै महाकविले महोत्तरी स्थित बनौलीमा आश्रय लिएको उल्लेख गरिनु हो ।दरभंगाबाट प्रकाशित भएको यस पुस्तकको प्रकाशक श्रीकान्तविहारि मिश्र छन् । 'विज्ञापन' शिर्षकबाट हिन्दी भाषाको प्रकाशकीयमा लेखिएको छ : "शिवसिंहपुर जिसको गजरथपुरभीनामाचार है वही शिवसिंहकी राजधानीथी वह उजड गई जो दरभंगा कोटकचहरीसेदछिन १ कोसहै लखिमा रानी आदि नेपालतराइ राजाबनौली जनकपुरके निकट है वहा यवनराजके भय से रहने लगी। वहाँ पानीकी कष्ट देखकर कवि विद्यापति एक बडी पुष्करणी खुदाया ........यह लिखनावली दोनवारपुरादित्य गिरिनारायणकी आज्ञानुसार कविविद्यापति निर्म्मानकिया महाराजा दरभंगा सभासदकविश्रीचन्दा झाजीका प्राचीन मिथिला इतिहास संग्रहसे यस समाचार विदित कियागया है।"

(कविश्वर चन्दा झा मैथिली साहित्यमा एउटा विराट व्यक्तित्व हुन्, जस्ले मैथिली रामायणका अतिरिक्त अनेकौं पदावली, विद्यापति सहित मध्यकालीन मैथिली कविहरुका पुस्तकहरुको सम्पादन गरेका छन् । यस अतिरिक्त मिथिलाको प्राचीन इतिहास र अन्य स्थलहरुको खोजीगर्ने श्रेयपनि उनलाई दिइन्छ।) तर श्रीकान्तविहारी मिश्रको 'विज्ञापन' (लिखनावलीको प्रकाशकीय)मा थुप्रै ऐतिहासिक त्रुटिहरु छन् ।सबभन्दा त उनले पुरादित्यलाई महुतरीको राजा र राजा अर्जुनलाई सप्तरीको राजा भनेका छन् । जबकि इतिहासकार हरुका अनुसार पुरादित्य सप्तरीका र अर्जुन महुतरीका राजा थिए । यी दुईमा शत्रुता थियो र पुरादित्यले अर्जुनको वध गरेका थिए।

विद्यापतिले आश्रय लिएको बनौली कुन थियो भन्ने विषयमा बहस गर्नुभन्दा पूर्व तत्कालीन समयमा नेपालीय मिथिला (विशेष गरेर सप्तरीदेखी महुतरीसम्म)को स्थिति र राजवंशबारे सामान्य उल्लेख गर्नु सान्दर्भिक होला। विद्यापतिकालीन सप्तरी र महुतरी (महोत्तरी) मा दुईवटा राजवंश दोनवार र ओइनिवारवंशको शासन देखिन्छ । तत्कालीन समयको मिथिलामा सप्तरीमा हालको सप्तरी र सिरहा तथा महुतरीमा हालको धनुषा, महोत्तरी र सर्लाही थियो।

इतिहासकारहरुका अनुसार कर्णाटवंशको अन्तिम राजा हरिसिंहदेवको मृत्यु १३२४मा भएको थियो । यसपछिको करिब पचास वर्षसम्म अराजकताको स्थिति रहेको कुरा इतिहासकार ज्ञानमणि नेपाल (नेपालको माध्यमिक कालको इतिहास)ले उल्लेख गरेका छन्। त्यसपछि भारत बिहारको ओइनीमा (र पछि दरभंगा नजिक सरेको)ओइनिवारवंशी ब्राह्मणहरुको शासन स्थापित भएको इतिहास पाइन्छ ।विद्यापतिकालमा महुतरीमा ओइनिवारवंशी राजा अर्जुन र सप्तरीमा दोनवार राजा पुरादित्य थिए। राजा अर्जुनसंग सप्तरीका राजा पुरादित्यको शत्रुता थियो। राजा अर्जुनको शिवसिंहसंग राम्रो सम्बन्ध थिएन र उनले शिवसिंहसंग दुर्व्यवहार गरेका थिए । यसैकारण पुरादित्यले राजा अर्जुनको वध गरिदिए । विद्यापतिले यसबारे 'लिखनावली'को पुष्पिकामा यसरी उल्लेख गरेका छन् :

**"जित्वा शत्रुकुलं तदीय वसुभिर्यैनार्थिनस्तप्पिता**
**दोर्द्दप्पार्जित सप्तरी जनपदे राज्यास्थितिः कारिता।**
**सङग्रामेऽर्जुनः भूपतिर्बिनिहतो बन्धौ नुशंसयित**
**स्तेनेयं लिखनावली नृपपुरादित्येन निर्मापिता ॥"**

(डा. इन्द्रकान्त झा, विद्यापतिकृत लिखनावली, पटना-१६/श्रोत–डा. प्रफुल्लकुमार मौन, नेपालमा मैथिली साहित्यको इतिहास)

अर्थात, 'शत्रुलाई पराजित गरेर उसको धनराशिबाट याचकवृन्दलाई सन्तुष्ट गरे, आफ्नो भुजबलोपार्जित सप्तरी राज्यमा राजसत्ता स्थापित गरे तथा युद्धमा आफ्नो बन्धु (शिवसिंह) संग निर्दय व्यवहार गर्ने अर्जुन राजालाई वध गरे, त्यो राजा पुरादित्यले यस लिखनावलीको रचना गराएका थिए।'लिखनावलीमा राजा अर्जुनलाई भूपति भनिएको छ । कालान्तरमा द्रोणवार राजवंशको एउटा शाखा समस्तिपुर (बिहार, भारत)मा स्थानान्तरित भयो र यसैको राजाश्रयमा चन्दा झाले 'मिथिला भाषा रामायण' लेखे । (डा. मौन, नेपालमा मैथिली साहित्यको इतिहास)।

ओइनिवारवंशबारे इतिहासकार हेमिल्टनले पनि चर्चा गरेका छन् ।उनको लेखन अनुसार सप्तरीका द्रोणवार राजा पुरादित्यले महोत्तरीका ओइनिवारवंशीय राजा राय अर्जुनको वध गरेर द्रोणवारहरुको सत्ता महोत्तरीसम्म फैलाएका थिए । (डा. प्रफुल्लकुमार मौन)।

*विद्यापतिका लेखन प्रवृत्तिबारे विविध विमर्श र आलोचना–समालोचना हुनसक्छन्, तर लोकमन र साहित्यिकीय लालित्यका निम्ती उनि अद्वितिय हुन् भन्नेमा दुईमत छैन। उनि हामी सबैको निम्ती गर्वका विषय हुन्। मैथिली–भोजपुरी लगायत गङ्गानदीको मैदानीक्षेत्रका विकसित नवआर्य भाषाहरुका प्रसिद्ध अनुसन्धाता र भाषाविद् जर्ज अब्राहम ग्रीयर्सनले आफ्नो मैथिली क्रिस्टोप्याथीमा विद्यापतिलाई इतिहासमा अभूतपूर्व (अनप्यारालल्ड इन द हिस्ट्री अफ लिटरेचर) भनेका छन्।*

काठमाडौं उपत्यकाको प्रतापमल्लको एउटा शिलालेखमा 'भगवतीपुर देशको महोत्तरी राज्य' मा कीर्तिनारायणको वंशावली उल्लेख गरिएको छ –' भगवतीपुर कीर्तिनारायण श्यवान पुत्री राजकन्या श्रीश्री बाघनारायण, श्यवान पुत्र श्रीश्री कीर्तिनारायण श्यवान पुत्री राजकन्या श्रीश्री लालमतिदेवी सोहम महारानी पति महाराजाधिराज भूपकेसरी श्रीश्री राज राजेन्द्र प्रतापमल्ल.....।' महोत्तरीको राजा कीर्तिनारायणको छोरी लालमतिसंग प्रतापमल्लको बिवाह भएको थियो। राष्ट्रिय अभिलेखालयमा संरक्षित 'हरिवंश' पुस्तकको पुष्पिकाबाट लालमतिले हरिवंशको द्वादश पारायण गराएको जानकारी प्राप्त हुन्छ। यस पुष्पिकावाक्यमा कीर्तिनाराणलाई महुतरी राज्याधिप भनिएको छ । यथा –संवत् ७७२ चैत शुक्ल पंचदशया तिथौ तहिने नेपालदेशे महाराजधिराज श्रीश्री मन् प्रतापमल्ल पालितायां कान्तिपुर्या महाराजाधिराज प्रतापमल्लले प्रभोराज्ञा प्राप्य महुत्तरी राज्याधिराज श्रीश्री मत कीर्ति नारायण कन्यकण श्रीश्री लालमति देव्यां हरिवंश परायण कृतः ।......।.....।' ((मेडिएभल नेपाल, भाग-४, शिलालेख स. ५४/श्रोत–डा. मौन)।

डा. रामदेव झाले भगवतीपुरको ओइनिवार वंशको समय १४५० देखि १६५० ई. मानेका छन्। यस वैवाहिक सम्बन्धबाट महोत्तरी राजवंशको कुलीनता एवं राजकीय स्तर उच्च थियो भन्ने बुझिन्छ। (मिथिला मिहिर, पटना,१९सेप्टेम्बर,१९७१/श्रोत–डा. मौन, नेपालको मैथिली साहित्यको इतिहास) । यी ऐतिहासिक तथ्यहरुको समीक्षा गर्ने हो भने विद्यापतिले आश्रय लिएको बनौली महोत्तरीमा हुने दावी कमजोर हुन जान्छ । तत्कालीन महुतरीको ओइनिवारवंशी राजा अर्जुनसंग राजा शिवसिंहको सम्बन्ध कटुतापूर्ण रहेको, सप्तरीका राजा पुरादित्य शिवसिंहको मित्र भएको र शिवसिंहकै कारण राजा अर्जुन मारिनु परेकोले विद्यापति महुतरीको बनौलीमा शरण लिन जानु अस्वाभाविक हुन जान्छ।

यस्को विपरीत राजा पुरादित्य मित्र रहेकोले उनको राज्य सप्तरी जनपदमा शरण लिनु जानु स्वाभाविक देखिन्छ। तर तत्कालीन समयमा हालको सिरहापनि सप्तरी जनपदभित्रै रहेकोले विद्यापतिले आश्रय लिएको बनौली सप्तरी वा सिरहाको हो भन्ने अन्यौल कायम नै रहन जान्छ। विद्यापतिको बनौली सप्तरी, सिरहा वा महोत्तरी मध्ये कुन हो भन्ने प्रश्न अहिलेपनि अनिर्णयग्रस्त नै छ । दावी सबैका छन् । तर ती दावीहरुमा तथ्य र प्रमाणभन्दापनि विश्वास र तर्कहरु बढी छन्। त्यसैले यस विषयलाई प्रमाण र तथ्यहरुको आधारमा निरुपण गरिएन भने यस्ले अनावश्यक विवाद सिर्जना गरिरहने देखिन्छ।

विद्यापति मैथिली साहित्यका यस्ता जाज्वल्यमान तारा हुन्, जस्को प्रकाश मैथिलीभाषी मात्र होइन, भोजपुरी, बंगाली, उडिया भाषी क्षेत्रमा समेत प्रकाश छरीरहेको छ। यस अमर गीतकारको छसय वर्ष पुराना गीत (पदावली)हरु वर्तमानमापनि लोकगीत सरह मैथिली, भोजपुरी, थारु, दोनवार, नेवार भाषा लगायत अभिजात्य र लोक दुबै समाजको उत्सवहरुमा गुन्जिने गर्छ । विद्यापतिका लेखन प्रवृत्तिबारे विविध विमर्श र आलोचना-समालोचना हुनसक्छन्, तर लोकमन र साहित्यिकीय लालित्यका निम्ती उनि अद्वितिय हुन् भन्नेमा दुईमत छैन। उनि हामी सबैको निम्ती गर्वका विषय हुन् । मैथिली-भोजपुरी लगायत गङ्गानदीको मैदानीक्षेत्रका विकसित नवआर्य भाषाहरुका प्रसिद्ध अनुसन्धाता र भाषाविद् जर्ज अब्राहम ग्रीयर्सनले आफ्नो मैथिली क्रिस्टोप्याथीमा विद्यापतिलाई इतिहासमा अभूतपूर्व (अनप्यारालल्ड इन द हिस्ट्री अफ लिटरेचर) भनेका छन्। यसैकारण ग्रीयर्सनको भनाईमा विद्यापति आफ्ना युगका आदर्श मात्र होइनन्, बरु युगको सम्पूर्ण प्रतिनिधित्व समेत गरेका छन् (ही इज नट ओनली द मोडेल अफ द एज बट रीप्रेजेन्ट इट अलसो इन एभरी वे )। अस्तु।

# निर्वाचनमा यूवाशक्तिकै सर्वोपरी भूमिका

**उदय कुमार यादव**

उन्नत लोकतन्त्रमा निर्वाचनको मर्यादालाई सबैले अवश्य पालन गर्नुपर्छ । निर्वाचनलाई स्वच्छ ,स्वतन्त्र ,निष्पक्ष, भयरहित र विश्वासनीय बनाउन दलहरुकै सहमतिमा निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागु गर्नुपर्छ । तसर्थ यही मंसिर ४ मा हुने संहिता निर्वाचनका लागि असोज १२ गते निर्वाचन आचार संहिता लागु भइसकेको छ।

तसर्थ यस सम्बन्धि सबै सरोकारवालाले यसको अक्षर सःपालना गर्नुपर्छ । किनभने यसको उल्ङ्घन गर्ने गराउने व्यक्ति वा संस्थालाई आयोगले एक लाख रुपिया सम्म जरिवाना गर्नसक्छ। जहासम्म आयोगलाई कारवाही गर्ने असधारण अधिकार समेत दिएको छ। यदि जितेको उम्मेदवार पनि आचार संहिता गम्भीर उल्घन गरेको प्रमाण प्राप्त भएमा उम्मेदवारी समेत रद्द गराउने सम्म असधारण अधिकार आयोगसंग रहेको छ।

हुनत ,निष्पक्षका रुपमा मतदान गर्ने गराउने मुख्य जिम्मेवारी मतदान अधिकृतको हुन्छ तथापी मतदान सफलतापूर्वक सम्पन्न गर्न गराउन संपूर्ण जिम्मेवारी केवल मतदान अधिकृत कै होइन , सबै नागरिकको पनि हो। मतदातालाई पिउने पानी, घाम ,लाग्दा र पानी दर्क्दा बस्ने ओतको व्यवस्था तथा अपाङ्ता भएका ज्येष्ठ नागरिक , सुत्केरी , बच्चा बोकेका आमालाई मतदान कार्यमा पहिलो अवसर दिलाउने प्रमुख भूमिका त्यहाँका संपूर्ण यूवा वर्गले खेल्न सक्छन्।

निर्वाचन जस्तो संवेदनशील र कठिन कार्यमा अन्य धेरै किसिमका तयारी पनि गर्नुपर्छ जस्मा मतदान सामग्रीको व्यवस्था गरी व्यवस्थापन गर्नु अति जटील कार्य हो , समान्यता यसका लागि कम्तिमा ५७ प्रकारका सामग्रीको व्यवस्थापन गर्नुपर्छ। सीयो ,धागो ,मसी ,स्टयाम्प मतपेटिका लगायतका सबै सामग्री करिव विदेशबाट नै मंगाउनु पर्दछ।

नेपालमा पहिलो पटक २०६४ को संविधान सभा सदस्य निर्वाचनमा काठमाण्डौ क्षेत्र नं.१ मा विधुतिय मतदान मेसिनबाट नै भएको थियो । त्यसपछि उप निर्वाचन भएका ६ क्षेत्र र २०७१ सालमा भएको दोश्रो संविधान सभा सदस्य निर्वाचन पछि भएको ५ उपनिर्वाचन क्षेत्रमा गरि जम्मा १२ निर्वाचन क्षेत्रमा विधुतिय प्रणाली बाट नै मतदान सम्पन्न भएको थियो । तर तत्पश्चयात यसको प्रयोग चाहि मतदानमा हुन सकेको छैन। यसर्थ अबको संङ्घीय निर्वाचनमा पनि परम्परागत पद्यतिबाट नै मतदान गराइने छ। त्यसैले आयोगले यस निर्वाचन क्षेत्रलाई लक्षित गरेर थप ५०,००० थान मतपेटिका खरिद गरिसकेको छ।

निर्वाचनको क्रममा अनेका खालको मतभेद र विवाद लगायत विभिन्न बाधा अर्चन खाडा हुन सक्छ।

*आदिवासि जनजाति , खस , आर्य , थारु ,दलित , मधेशी , मुश्लिम गरी समावेसी आधारलाई जम्मा ६ समूहमा वर्गीकरण गरिएको देखिन्छ ।अर्थात समग्रमा भन्दा आसन्न निर्वाचन निष्पक्ष , शान्तिपूर्वक धान्धलीरहित सम्पन्न गराउन सरकारले समयमै विद्रोही समूह जस्तो पहाडमा विपलव , मधेशमा कैलाश महतो लगायत आदिलाई पूर्ण समानुपातिक मांगको सम्बोधन हुने गरि वार्ताकै माध्यमले मूलधारमा नल्याई हुदैनन। यदि उनीहरु वार्तामा आएनन वा सरकारले समयमा नै समुचित पहल गर्न सफल भएनन भने चुनाव ठाउ ठाउमा विथालिदैनन भने आशांककाको कुनै ग्यारेन्टी छैनन , भने कुरा स्पष्ट र छर्लङ्ग देखिन्छ।*

त्यसको निरुपण गर्ने पहिलो जिम्मेवारी आयोगको हो भने अर्का जिम्मेवारी सुरक्षा निकाय ,राजनितिक दल , तिनका उम्मेदवार तथा कार्यकर्ताहरुकै हो । यस सम्बन्धि निर्वाचन ऐन २०७३ ले विवाद निरुपणका लागि ५ निकायलाई क्षेत्राअधिाकार पनि तोकिदिएको छ । त्यसमा निर्वाचन आयोग , निर्वानच अधिकृति , अनुगमन कर्ता , मतदान अधिकृत र नाम दर्ता अधिकारीले गर्नुपर्ने सुनुवाय सम्बन्धि कार्य विधि नै बनिसकेको छ।

मतदान कार्यलाई व्यवस्थित र सफल बनाउन ७७ वटै जिल्लामा निर्वाचन अधिकृत तोकिएको छ। त्यसपछि क्रमशः निर्वाचन अधिकृत मार्फत मतदान अधिकृत र सहायक अधिकृतको सुव्यवस्थित पनि गरिन्छ। मतदान स्थलमा मतदान अधिकृति नियुक्त गरिएका हुन । यसअर्थमा उनीहरु नै निर्वाचन आयोग असली प्रतिनिधि हुन। त्यसैले मतदान अधिकृति हस्ताक्षर नगरेको मतपत्र बद्दर पनि हुन सक्छ।

निर्वाचनमा सञ्चार माध्यमको भूमिका कम हुदैन । सञ्चार माध्यमको अनुगमन यसमा अति आवश्यक हुन्छ। किनकि निर्वाचन आचार संहिताको पालन भए नभएको खबरदारी गर्ने मुख्य माध्यम नै सञ्चार माध्यम हो । तर सञ्चार माध्यम आफै आचार संहिताको उल्घंन गरी कुनै खास दल वा उम्मेदवार विशेषको प्रचार प्रसारको साधन हुनु पक्षपात अवैधानिक र दण्डनीय हो।

कारण यसै बेला मिडिया निस्पक्षताको परिक्षण हुने गरिन्छ। अचेल मिडिया पनि निर्वाचनको क्रममा कुनै खास दल वा समूहको पक्षदर भएर आलोच्यका पात्र बन्न पुग्छ। सञ्चार अनुगमन र यसबाट आउने निष्कर्ष बाट नयाँ सञ्चार सिद्धान्तको विकास पनि भएको देखिन्छ। तसर्थ सञ्चार अनुगमन अपरिहार्य हुने गरेको छ। यो सरकारी वा गैर सरकारी जुनसुकै निकायबाट हुने गरिन्छ। मतदानका लागि धेरै जसो मतदान स्थल विद्यालय , स्वास्थय चौकी , सरकारी अन्य कार्यालय भवन , सर्वजनिक स्थलमा नै बनाइन्छ।

तर ती स्थानहरु प्रायः अपाङमैत्री छैन कतिपय हवील चेयर चढेर जाने मतदातालाई मतदान केन्द्र सम्म पुग्न कठिन हुने गर्छ। यसका साथै कतिपय मतदान केन्द्र महिलामैत्री पनि हुदैनन ।व्यवस्थित सैाचालयको अभाव देखिन्छ, खाजा वा नास्ता चियापानी आदिका पनि उचित प्रवन्ध हुदैनन।

अतः अन्त्यमा निर्वाचनको कुरा चर्चागर्दा खेरी , मतदान शिक्षा अभियानको कुरा नगरी हुदैनन। यो सधै सधै चल्ने विषय हो। २०७४ सालमा नयाँ संविधान , नयाँ कानूनले गर्दा , नयाँ निर्वाचन शैली अपनाइएको थियो। जस्ले गर्दा मतदान शिक्षा जटिल नै बन्यो। तर यस पटक अलि सहज देखिन्छ। यस पटक आयोगले मतदाता शिक्षा अभियानका केही नवीन प्रयोग गर्ने तयारी पनि गरेको छ। जसमा स्थानीय तहकै खर्च र संलंग्तामा घर दैलो अभियान सञ्चालन गर्ने भएको छ।

संघीय संसदमा ३३ प्रतिशत महिला सुनिश्चित गरिएको छ । दुबै सदनमा कम्तिमा ३३ प्रतिशत महिला प्रतिनिधित्व हुनै पर्ने सवैद्धानिक व्यवस्था छ। समावेशीको आधारमा हरेक प्रदेशमा फरक फरक प्रतिनिधित्व देखिन्छ।

आदिवासि जनजाति , खस , आर्य , थारु ,दलित , मधेशी , मुश्लिम गरी समावेसी आधारलाई जम्मा ६ समूहमा वर्गीकरण गरिएको देखिन्छ ।अर्थात समग्रमा भन्दा आसन्न निर्वाचन निष्पक्ष , शान्तिपूर्वक धान्धलीरहित सम्पन्न गराउन सरकारले समयमै विद्रोही समूह जस्तो पहाडमा विपलव , मधेशमा कैलाश महतो लगायत आदिलाई पूर्ण समानुपातिक मांगको सम्बोधन हुने गरि वार्ताकै माध्यमले मूलधारमा नल्याई हुदैनन । यदि उनीहरु वार्तामा आएनन वा सरकारले समयमा नै समुचित पहल गर्न सफल भएनन भने चुनाव ठाउ ठाउमा विथालिदैनन भने आशांककाको कुनै ग्यारेन्टी छैनन , भने कुरा स्पष्ट र छर्लङ्ग देखिन्छ।

# 'संविधान संशोधन आवश्यक'

काठमाण्डु । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संविधान संशोधन अघि बढाउने प्रतिबद्धतासहित चुनावी घोषणापत्र सार्वजनिक गरेको छ ।

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि आइतबार घोषणापत्र सार्वजनिक गर्दै लोसपाले संविधानको पूर्णता, पहिचानसहितको सङ्घीयताको व्यावहारिक रुपान्तरण, नागरिकता वितरणको सुनिश्चितता, समानुपातिक समावेशिताको परिणाममुखी प्रत्याभूति हुनुपर्ने अवधारणा अघि सारेको छ ।



घोषणापत्रमा सबै प्रकारका विभेदबाट मुक्त नेपाली नागरिकलाई महत्वका साथ समेटिएको छ । लोकतान्त्रिक समाजवादलाई जनहितमा व्यापक अभ्यास गर्दै भुइँस्तरमा लोकतन्त्र, सुशासन र जनकल्याणप्रति प्रतिबद्ध रहने प्रतिबद्धता जनाएको लोसपाले जनकपुरको धार्मिक र सांस्कृतिक विकास र लुम्बिनीलाई विश्वस्तर चिनाउन विभिन्न योजना र कार्यक्रम ल्याइने उल्लेख गरेको छ ।

लोसपाले नागरिकता समस्याको हल र मधेश आन्दोलनमा संलग्नमाथि चलाइएको मुद्दा फिर्ताको विषय पनि घोषणपत्रमा समेटेको छ । मधेश आन्दोलनको भावनानुसार संविधानले पूर्णता नपाएको भन्दै लोसपाले वर्तमान संविधान अपूर्ण रहेको, नागरिकतासम्बन्धी कानून बन्न नसकेको तथा मधेशी जनतालाई विभेदमुक्त बनाउनुपर्नेमा जोड दिइएको छ । "देशमा रहेका सबै राष्ट्रियताहरूको संवैधानिक ढङ्गबाट समूचित सम्मान र पहिचान कायम गराउँदै राष्ट्रिय एकता र अखण्डतालाई अक्षुण राख्न लोसपा दृढ सङ्कल्पित छ, नेपाल बहुराष्ट्रिय राज्य भएकाले राष्ट्रियतामा विविधता र एकतामा अनेकता खोज्न जरुरी छ", घोषणापत्रमा भनिएको छ ।

पहिचानसहितको सङ्घीयताका लागि हाल मधेश प्रदेशबाहेक सबैमा खस आर्यको बाहुल्यता रहेको भन्दै सामर्थ्यलाई ध्यानमा राख्दै राष्ट्रियताको पहिचानका आधारमा राज्य पुनर्संरचनासम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदनले सिफारिस गरेको १० जोड एक प्रदेश कायम गरिनुपर्ने माग गरेको छ । संसदीय प्रणालीको पक्षमा निरन्तर उभिने निर्णय गरेको लोसपाले कार्यकारी प्रमुख प्रधानमन्त्री रहने, मिश्रित निर्वाचन प्रणालीको निरन्तरता, स्वतन्त्र र समावेशी न्यायपालिका हुनुपर्ने घोषणपत्रमा समेटेको छ ।

समावेशी र समतामूलक राज्यव्यवस्थाअनुरुप कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाको सबै तह एवम् कार्यालयहरूका साथै नेपालको कर्मचारीतन्त्र, सेना, प्रहरी संवैधानिक निकाय र राज्यका हरेक तहमा नियुक्ति आदिमा मधेसी, शिल्पी, दलित, थारू, मुस्लिम आदिवासी, जनजाति, पिछडा र अल्पसङ्ख्यकको उपस्थिति तिनको जनसङ्ख्याको अनुपातमा हुनुपर्नेमा जोड दिएको छ ।

त्यसैगरी राष्ट्रहितमा ठोस र व्यावहारिक विदेश नीतिको निर्माण गर्ने नीतिअनुरुप देशको समृद्धि लक्षित सम्बन्ध नै देशको परराष्ट्र नीतिको आधार हुनुपर्ने जसपाको भनाइ छ । जसपाले मिश्रित अर्थनीति, सुशासन, सदाचार र भ्रष्टाचारमुक्त समाज निर्माण गर्ने, व्यावहारिक शिक्षा, स्वस्थ नागरिक, स्वस्थ एवम् समृद्ध देशको अवधारणलाई जोड दिइएको छ । कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण र बजार व्यवस्थापन गरिनुपर्ने, चुरे जोगाऔं, मधेश जोगाऔं अभियान चलाउने, युवा सशक्तिकरण एवम् उद्यमशीलता प्रवर्द्धन, प्रभावकारी विपद् व्यवस्थापन, भौतिक पूर्वाधारलाई प्राथमिकता जस्ता विषयलाई घोषणपत्रमा समेटिएको छ ।

जनकपुरधामलाई अन्तर्राष्ट्रिय पर्यटन एवम् विश्व हिन्दू केन्द्र, वीरगञ्जलाई मधेश प्रदेशको आर्थिक कारोबार र व्यापारको प्रमुख केन्द्र, लुम्बिनीलाई बुद्ध धर्मावलम्बीहरूका लागि अन्तर्राष्ट्रिय तीर्थस्थप तथा ध्यान केन्द्र बनाउने योजना पनि लोसपाले अघि बढाएको छ ।रासस

# लोकतन्त्रको रक्षाका लागि एमालेले जित्नुपर्छ : अध्यक्ष ओली



गण्डकी । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलेलोकतन्त्रकोरक्षाकालागि एमालेले जित्नुपर्ने बताउनुभएको छ । नेकपा एमाले जिल्ला कमिटी कास्कीद्वारा आज पोखरामा आयोजितवृहत्कार्यकर्ताभेलालाई सम्बोधन गर्दै उहाँले लोकतान्त्रिक मूल्यमान्यताका लागि पनि एमालेले बहुमत प्राप्त गर्नु आवश्यक भएको बताउनुभयो ।

विचार नभएका, नीति नभएका गठबन्धनले फरक-फरक घोषणापत्र सार्वजनिक गरेको उहाँको आरोप थियो । गन्तव्य नभएकाले फरक-फरक घोषणापत्र बोकेर हिँडेको बताउँदै उहाँले उनीहरू जनतासँग झुटो आवश्वासन बाँढिरहेका छन् भन्नुभयो । लिपुलेक लिम्पियाधुराको जमिन वार्तामार्फत फिर्ता ल्याउन सकिने र नेकपा एमालेले बहुमतको सरकार बनाएर वार्तामार्फत फिर्ता ल्याउने बताउनुभयो ।

उहाँले आफूहरूले देशलाई प्रगतिको बाटोमा लगेको बताउनुभयो । अध्यक्ष ओलीले देशमा सुदृढ राष्ट्रियशक्ति आवश्यक भएको र त्यो एमाले भएको जिकिर गर्नुभयो ।

एमालेले घोषणापत्रमा २० वटा ग्यारेन्टी क्षेत्र तोकेको बताउँदै उहाँले त्यसमा राष्ट्रिय समृद्धिका सबै कुरा समेटिएको बताउनुभयो । सामाजिक सुरक्षाका क्षेत्रमा धेरै विषयलाई नेकपा एमालेले उठाउनुका साथै त्यसको व्यवस्थापन गर्दै आएको उहाँले बताउनुभयो । नेकपा एमालेका सङ्गठन विभाग प्रमुख एवं कास्की निर्वाचन क्षेत्र नं १ (क) का प्रदेशसभा सदस्यका उम्मेदवार खगराज अधिकारीले गण्डकीलाई पर्यटन, कला संस्कृतिको विकास गरी नमूना प्रदेशका रूपमा विकास गर्न सकिने बताउनुभयो । पोखरालाई पर्यटनको राजधानी बनाउने बताउँदै उहाँले पोखरासहित समग्र गण्डकीको समृद्धि र विकासका लागि नेकपा एमालेलाई विजयी गराउनुपर्ने बताउनुभयो ।

नेकपा एमाले कास्कीका कार्यावाहक अध्यक्ष तेजनारायण अधिकारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला सचिव बैनबहादुर अधिकारी क्षेत्री, उपसचिव दर्शन लामा लगायतले बोल्नुभएको थियो । रासस

# झापा ३ मा तात्दै चुनावी चहलपहल

झापा । आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनका लागि मत माग्न उम्मेदवार मतदाताको घरदैलोमा पुगिरहेका छन् । निर्वाचन आयोगले प्रचारप्रसार खुला गरेसँगै झापा क्षेत्र नं ३ मा पनि उम्मेदवार मतदाताका घरदैलोमा आ-आफ्ना चुनावी प्रतिबद्धतासहित पुगेका छन् । निर्वाचनको प्रचारप्रसारले यो क्षेत्रमा पनि अहिले चहलपहल अत्यधिक बढेको छ ।

आसन्न निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि झापा ३ मा गठबन्धनतर्फ नेपाली कांग्रेसका उम्मेदवार पार्टीका पूर्वमहामन्त्री कृष्णप्रसाद सिटौला र वाम लोकतान्त्रिक गठबन्धनका उम्मेदवार राप्रपा का अध्यक्ष राजेन्द्र लिङदेनबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ ।

सो निर्वाचन क्षेत्रमा भद्रपुर नगरपालिका-१, २, ३, ४, ५, ६, ७ र ८, बिर्तामोड नगरपालिका-१०, हल्दिबारी गाउँपालिका, बाह्रदशी गाउँपालिका र कचनकबल गाउँपालिका रहेका छन् । गत वैशाखमा भएको स्थानीय तहको निर्वाचनमा सो क्षेत्रमा पर्ने २८ वडामा नेपाली कांग्रेसले १६, एमालेले चार, राप्रपा पाँच, माओवादी केन्द्र दुई र स्वतन्त्र एउटा वडामा विजयी भएका छन् । स्थानीय तहको चुनावको परिणामलाई हेर्दा कांग्रेसका वडाध्यक्षले १९ हजार चार सय ८६, एमालेका वडाध्यक्षले कुल तीन हजार सात सय प्राप्त गरेका छन् । राप्रपाले छ हजार चार सय ५३, माओवादी केन्द्रले दुई हजार पाँच सय २७ र स्वतन्त्रले सात सय ५२ मत प्राप्त गरेका छन् । यसरी हेर्दा नेपाली कांग्रेस को मत एमाले, राप्रपाको मतभन्दा दोब्बर छ ।

उता विसं २०७४ निर्वाचनमा नेकपासँगको गठबन्धनमा राप्रपा का उम्मेदवार राजेन्द्र लिङदेनले ४४ हजार ६ सय १४ मत ल्याउनुभएको थियो भने कांग्रेसका कृष्णप्रसाद सिटौलाले ३१ हजार एक सय ७१ मत ल्याउनु भएको थियो । लिङदेनले १३ हजार चार सय ४३ मत बढी ल्याएर विजयी हुनुभएको थियो । सो क्षेत्रमा पहिले कांग्रेस एक्लै चुनावी मैदान रहेको थियो भने अहिले गठबन्धन को साथले कांग्रेस चुनाव जित्ने दाउमा छ भने लिङदेन आफ्नो जीतलाई कायम राख्ने कसरतमा हुनुहुन्छ । प्रतिनिधिसभातर्फ निर्वाचन क्षेत्र नं ३ पुरुषतर्फ ६६ हजार ६१, महिलातर्फ ६५ हजार तीन सय ७१ गरी जम्मा एक लाख ३१ हजार चार सय ३२ मतदाता छन् भने यो निर्वाचन क्षेत्रमा ६७ मतदानस्थल र एक सय ५५ मतदान केन्द्र रहेका छन् ।रासस

# प्रधानमन्त्री देउवा कार्यकर्ता भेटघाटमा व्यस्त

गोदावरी । प्रधानमन्त्री एवं नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा कार्यकर्ता भेटघाटमा व्यस्त रहनुभएको छ । सोमबार धनगढीस्थित आफ्नै निवासमा बोलाएर कांग्रेसका असन्तुष्ट नेता, कार्यकर्ता र पार्टीबाट बागी उम्मेदवारी दिएकाहरूसँग भेटघाट र छलफल गरिरहनुभएको छ ।

नेपाली कांग्रेस कैलालीका सचिव नृप सुनारका अनुसार प्रधानमन्त्री देउवाले अगुवा नेता, कार्यकर्तासँग कैलालीको चुनावी अवस्थाका विषयमा जानकारी लिनुभएको थियो । प्रधानमन्त्री देउवाले नेता, कार्यकर्तालाई भेटेर निर्वाचनमा सशक्त रूपमा खट्न निर्देशन दिनुभएको सचिव सुनारले जानकारी दिनुभयो । सुनारले प्रधानमन्त्री देउवा चुनावमै केन्द्रित रहेर कार्यकर्तासँग छलफलमा व्यस्त रहेको बताउनुभयो ।

प्रधानमन्त्री देउवाका स्वकीय सचिव भानु देउवाका अनुसार प्रधानमन्त्री देउवा अबको दुई दिन धनगढीमै रहनुहुनेछ । धनगढीमा रहँदा प्रधानमन्त्रीले चुनावी सभालाई सम्बोधन गर्ने औपचारिक कार्यक्रम भने नरहेको जनाइएको छ । प्रधानमन्त्री देउवाले बुधबार दार्चुला र बैतडीमा हुने गठबन्धनका चुनावी सभालाई सम्बोधन गर्ने कार्यक्रम तय गरिएको जनाइएको छ । प्रधानमन्त्री देउवा आइतबार बेलुकी धनगढी पुग्नुभएको थियो ।रासस

# राष्ट्रपतिको कार्यभार उपराष्ट्रपतिलाई

काठमाण्डु । राष्ट्रपति विद्यादेवी भण्डारीले आफ्नो अनुपस्थितिमा राष्ट्रपतिबाट सम्पादन हुने कार्य उपराष्ट्रपतिबाट सम्पादन गरिने गरी तोक्नुभएको छ । राष्ट्रपतिले आफ्नो अनुपस्थितिमा राष्ट्रपतिबाट सम्पादन हुने कार्य नेपालको संविधानको धारा ६७ को उपधारा (२) बमोजिम उपराष्ट्रपतिबाट सम्पादन गरिने गरी तोक्नुभएको राष्ट्रपति कार्यालयद्वारा सोमबार जारी विज्ञप्तिमा जनाइएको छ ।

राष्ट्रपति भण्डारी जनगणतन्त्र आइसल्याण्डको छ दिने औपचारिक भ्रमणका लागि आज त्यसतर्फ प्रस्थान गर्नुभएको छ । महिला राजनीतिज्ञको विश्वव्यापी सञ्जाल 'वुमन पोलिटिकल लिडर्स (डब्लुपिएल)' कार्यक्रममा सहभागी हुन राष्ट्रपति भण्डारी आइसल्याण्ड जानुभएको हो । भ्रमण पूरा गरी राष्ट्रपति भण्डारी यही कात्तिक २६ गते स्वदेश फर्कनुहुने कार्यक्रम छ ।

**राष्ट्रपति भण्डारी आइसल्याण्ड भ्रमणका लागि प्रस्थान**

राष्ट्रपति विद्यादेवी भण्डारी जनगणतन्त्र आइसल्याण्डको छ दिने औपचारिक भ्रमणका लागि आज त्यसतर्फ प्रस्थान गर्नुभएको छ ।

त्रिभुवन अन्तर ाष्ट्रिय विमानस्थलको अतिविशिष्ट कक्षमा उहाँलाई उपराष्ट्रपति नन्दबहादुर पुन, सभामुख अग्निप्रसाद सापकोटा र राष्ट्रियसभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले हार्दिक विदाई अभिवादन गर्नुभयो । यसअघि उहाँलाई सेनाको एक टुकडीले सम्मानगारत अर्पण गरेको थियो ।

महिला राजनीतिज्ञको विश्वव्यापी सञ्जाल 'वुमन पोलिटिकल लिडर्स (डब्लुपिएल)' कार्यक्रममा सहभागी हुन राष्ट्रपति भण्डारी आइसल्याण्ड जानुभएको हो । राष्ट्रपति भण्डारीले 'वुमन पोलिटिकल ट्रेलब्लेजर अवार्ड' समेत ग्रहण गर्नुहुने परराष्ट्र मन्त्रालयले जनाएको छ ।

राष्ट्रपतिको भ्रमण दलमा उहाँकी छोरी उषाकिरण भण्डारी, मन्त्रालयका सचिव भरतराज पौड्यालगायत हुनुहुन्छ । भ्रमण पूरा गरी राष्ट्रपति भण्डारी कात्तिक २६ गते स्वदेश फर्कनुहुने कार्यक्रम छ ।रासस

# विकासको काम गर्ने इच्छाशक्तिसहित चुनावमा होमिएको छु : वरिष्ठ नेता पौडेल

दमौली । नेपाली कांग्रेसका वरिष्ठ नेता एवं तनहुँ क्षेत्र नं १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार रामचन्द्र पौडेलले विकासको काम गर्ने इच्छाशक्तिसहित आफू चुनावमा होमिएको बताउनुभएको छ । तनहुँको बन्दीपुर गाउँपालिकास्थित झारगाउँमा आज आयोजित कोणसभामा बोल्दै वरिष्ठ नेता पौडेलले उम्मेदवार बन्न मात्र नभई काम गर्ने दृढ सङ्कल्प बोकेर आएको बताउनुभयो ।

"देशलाई अहिले सुशासन चाहिएको छ, सुशासन कायम गरेपछि विकास सम्भव छ । अहिलेको गठबन्धन नेपाललाई सुशासन दिनका लागि बनेको हो", उहाँले भन्नुभयो । वरिष्ठ नेता पौडेलले आफूहरू जनतालाई ठूला सपना देखाउने पक्षमा नरहेको जिकिर गर्नुभयो । "हामी रेल र पानीजहाजका कुरा गर्दैनौं, जनताका आधारभूत आवश्यकताका कुरा गर्छौं, जे कुरा गर्छौं त्यो पूरा गर्छौं", पौडेलले भन्नुभयो ।

वरिष्ठ नेता पौडेलले कृषि क्रान्ति, पर्यटन र ऊर्जाले देश समृद्ध बन्ने बताउँदै त्यसतर्फ योजना बनाएर कार्यान्वयन गरिने बताउनुभयो । "बन्दीपुरको पर्यटन विश्वमाझ प्रख्यात छ, यसलाई थप विकास गर्नेतर्फ हाम्रो ध्यान रहनेछ", पौडेलले भन्नुभयो । गाउँगाउँमा यातायात, बिजुली पुगे पनि रोजगारी नपुगेको भन्दै पौडेलले अब गाउँमा नै आम्दानी र रोजगारी पुऱ्याउन उद्योगधन्दा स्थापना गरिने दाबी गर्नुभयो ।

देशलाई प्रतिगमनमा लैजाने षड्यन्त्र भएपछि पाँच दलीय गठबन्धन बनेको चर्चा गर्दै पौडेलले जनताको हातमा आएको अधिकार बचाउन सबै एकै ठाउँमा उभिएको बताउनुभयो । "संविधान बचाउने सवालमा कांग्रेस, माओवादी र नेकपा (एकीकृत समाजवादी) को कुरा मिल्यो", उहाँले भन्नुभयो । गोरखामा नेकपा (माओवादी) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' उम्मेदवार बन्दा त्यहाँ नेपाली कांग्रेसले र तनहुँमा आफूलाई नेकपा माओवादीले मत हाल्ने पौडेलको भनाइ थियो ।रासस

# ओहोदाको प्रमाणपत्र प्रस्तुत

काठमाण्डु । जापानका लागि नेपालका नवनियुक्त राजदूत डा दुर्गाबहादुर सुवेदीले आज बिहान जापानको टोक्योस्थित इम्पेरियल प्यालेसमा आयोजित विशेष समारोहमा सम्राट नारुहितो समक्ष आफ्नो ओहोदाको प्रमाणपत्र प्रस्तुत गर्नुभएको छ । जापानी सम्राट नारुहितोले राजदूत डा सुवेदीलाई स्वागत गर्दै दुई मित्र राष्ट्रबीचको विद्यमान सम्बन्धको उत्कृष्ट अवस्थाप्रति खुसी व्यक्त गर्नुभयो । उहाँले आगामी दिनमा दुई मुलुकबीचको मित्रता र सहकार्यको घनिष्ट र सौहार्दपूर्ण सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गर्नुभयो ।

आफ्नो ओहोदाको प्रमाणपत्र पेश गर्दै राजदूत डा सुवेदीले राष्ट्रपति विद्यादेवी भण्डारी तथा प्रधानमन्त्री शेरबहादुर देउवाका तर्फबाट सम्राट नारुहितोको व्यक्तिगत सुस्वास्थ्य तथा जापानी जनताको शान्ति, प्रगति र समृद्धिका लागि शुभेच्छा प्रकट गर्नुभयो । राजदूत डा सुवेदीले नेपाल र नेपाली जनताको सामाजिक-आर्थिक विकासमा उदार र निरन्तर सहयोग गरेकामा जापान सरकार र जापानी जनताप्रति हार्दिक आभार प्रकट गर्नुभएको जापानस्थित नेपाली राजदूतावासले जनाएको छ ।रासस


**महोत्तरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**महोत्तरी, महोत्तरी**

**मधेश प्रदेश, नेपाल**

**लेखा परीक्षण सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७९/०७/२२**

यस गाउँपालिका भित्र रहेका सामुदायिक तथा धार्मिक विद्यालयहरुको गत आ.व. हरुको लेखा परीक्षण गराउनु पर्ने भएकोले ईच्छुक नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थाबाट मान्यता प्राप्त लेखा परीक्षकहरुले तपसिलका कागजातहरु संलग्न गरी यो सूचना प्रकाशित भएको मिति देखी १५ (पन्ध्र) दिन भित्र यस कार्यलयको शिक्षा, युवा तथा खेलकुद शाखामा रित्त पुर्व निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिलः–**

१. नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपि,
२. आ.व. २०७८/०७९ को करचुक्ताको प्रमाण पत्रको प्रतिलिपि,
३. नेपाल चार्टड एकाउन्टेन्ट्स संस्थामा दर्ता भएको प्रमाण पत्रको नविकरणको प्रतिलिपि,
४. नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि,

**प्रमुख प्रशासकिय अधिकृत**



**मुखियापट्टी मुसहरनिया गाँउपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**तुलसियाही जब्दी धनुषा**

**एम्वुलेन्स खरिद गर्ने सम्वन्धी सुचना**

**प्रथम पटक प्रकासित मिति २०७९/०७/२२**

यस कार्यालयको आवश्यक पर्ने देहाय बमोजिमको एम्वुलेन्स खरिदको लागी सार्वजनिक खरिद ऐन, २०६३ (पहिलो संशोधन, २०७३) को दफा ८ को उपदफा (१)(क)(८) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन, २०७३) को नियम ३१ख बमोजिम त्यस्तो सवारी साधन उत्पादक कम्पनी वा सो को आधिकारीक बिक्रेताहरु बिच मात्र प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) बिधि वाट खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम २१ख को उपनियम (२) अनुसार देहाय बमोजिमको सवारी साधन बिक्रि गर्न चाहने उत्पादक तथा अभधिकारीक बिक्रेताले आआफ्नो उत्पादनको आधिकारीक स्पेसिफिकेशन गुण्स्तर मुल्य र सुविधा सहितको विवरण (क्याटलग वा ब्रोशर) संलग्न राखी यो सुचना प्रकासित भएको मितिले ७ सात दिन भित्र यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन सम्वन्धित उत्पादन वा आधिकारिक बिक्रेताको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**आवश्यक सवारी साधनको विवरण**

| Type of vechicle | Requirement(General specifications ) | No.of vehicles |
| --- | --- | --- |
| 1 . 4 W D Hard top Ambulance | Three door Right Hand four Wheel Drive Hard top suitable for driving in Nepal .4 stoke ,water cooled DiselEngine.Developing rated power output not less than 45kw and torque should not be less than 110 N-m at government RPM.fully equipped with all assessories with power streering, Emission standerd 2069 which is to be certified by deparment of Transportort management Nepal,Transmission manual shift at least five forward and one reverse,minimumground clearance 160mm, standard color,all basic life support equipment type b as prescribed by ambulance service guideline 2078 heavy duty with toe hookin front and rear preferred chassis and frame ,mimimunone year warrantyafter acceptance. | 1 (one) |

**नोटः–** यस सम्वन्धी बिस्तृत प्राविधिक स्पेसिफिकेशनको लागी गाउँपालिको ध्भदकष्तभ तथा गाउँपालिका सम्पर्कनम्वर ९८५४०३००२२, Email address:– mmrmmun@gmail.com,मा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

जनकपुर टुडे
२०७९ साल कार्तिक २२ गते मंगलबार (8 November, Tuesday, 2022)

# प्रधानमन्त्री कप क्रिकेटमा कर्णालीले सुदूरपश्चिमलाई १५१ रनको लक्ष्य

काठमाण्डु । राजधानीमा जारी प्रधानमन्त्री राष्ट्रिय क्रिकेट कप प्रतियोगितामा कर्णाली प्रदेशले सुदूरपश्चिम प्रदेशलाई जितको लागि १५१ रनको लक्ष्य दिएको छ । मूलपानी क्रिकेट




मैदानमा आज भएको खेलमा टस हारेर पहिले ब्याटिङको निम्तो पाएको कर्णाली प्रदेशले ३८ दशमलव १ ओभरमा सबै विकेट गुमाउँदै १५० रनको योगफल बनायो ।

कर्णाली प्रदेशका लागि अर्जुन घर्तीले सर्वाधिक ७० रनको योगदान दिए । ९६ बल खेलेका उनले पाँच छक्का र चार चौका प्रहार गर्दै ७० रनको योगदान दिएका हुन । त्यसैगरी सुवास ऐरले २४ रन बनाए भने हिमांशु शाहीले १२ रन जोडे । प्रकाश जैशीले ९ तथा दीपेन्द्र रावतले ८ रन बनाए ।

बलिङतर्फ सुदुरपश्चिमका नारायण जोशी एक्लैले चार विकेट लिए भने हेमन्त धामीले तीन विकेट लिए । त्यस्तै गजेन्द्र बोहोराले दुई विकेट लिदाँ मिलन बोहोराले एक विकेट झारे । सुदूरपश्चिम अहिले जवाफी ब्याटिङमा उत्रेको छ ।रासस

# पाकिस्तानका गृहमन्त्री सनौल्लाद्धारा खानले देशद्रोह गरेको आरोप



**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानका गृहमन्त्री राना सनौल्लाले पाकिस्तान तेहरीक-ए-इन्साफ (पीटीआई) का प्रमुख इमरान खानले पाकिस्तानविरुद्ध देशद्रोह गरेको आरोप लगाउनुभएको छ ।

जिओ न्यूजसँग कुरा गर्दै उहाँले भन्नुभयो, "इमरान खानले राज्यविरुद्ध देशद्रोहको अपराध गरिरहेका छन् । पाकिस्तानको पञ्जाब प्रान्तको वजीराबादमा गत हप्ता एक राजनीतिक ऱ्यालीका क्रममा गोली प्रहार गरिएका पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खानले राजधानी इस्लामावादतर्फको लामो पदयात्रा मङ्गलबार देखि पुनः सुरु गर्ने घोषणा गर्नुभएको छ ।

लाहोरमा आयोजित पत्रकार सम्मेलनमा खानको भनाइलाई उद्धृत गर्दै पाकिस्तानी पत्रिका डनले भनेको छ, "हामीले निर्णय गरेका छौं । हाम्रो मार्च वजीराबादको त्यही बिन्दुबाट सुरु हुनेछ जहाँ मलाई र अन्य ११ जनालाई गोली हानिएको थियो । उक्तस्थानमा मोअज्जम शहीद भएका थिए ।'

सनौलाले खानलाई 'संस्थाहरूले अंगीकार गरून भन्ने' चाहेको भन्दै पाकिस्तानी संस्थाहरूलाई पीटीआई प्रमुखको 'खराब एजेन्डा' विरुद्ध उभिन आग्रह गर्नुभएको छ ।

'इमरान खानको एउटै मात्र माग छ : उनलाई प्रधानमन्त्रीको कुर्सीमा बस्नका लागि संस्थाहरूले अङ्गीकार गर्न चाहन्छन्,' गृहमन्त्रीले भन्नुभयो ।

खानले सेना प्रमुखको नियुक्तिलाई विवादास्पद बनाउन चाहेको पनि सनौल्लाले दावी गर्नुभयो ।

# चीनमा तीन नयाँ राष्ट्रिय उत्पादन केन्द्रहरू निर्माण हुँदै

**सिन्ह्वा**

बेइजिङ । चीनको उद्योग तथा सूचना प्रविधि मन्त्रालयले तीनवटा नयाँ राष्ट्रिय उत्पादन नवप्रवर्तन केन्द्रहरू स्थापना गर्न लागेको जनाएको छ ।

झेजियाङ, जियाङ्सी र सिचुआन प्रान्तका अनुसन्धान एवं प्राविधिक फर्महरूद्वारा समर्थित इनोभेसन सेन्टरहरूले क्रमशः ग्राफिन, भर्चुअल रियालिटी, र अल्ट्रा-हाइ-डेफिनिशन भिडियो उद्योगहरूमा ध्यान केन्द्रित गर्ने जनाइएको छ।

केन्द्रहरूले प्रमुख जेनेरिक प्रविधिहरूमा काम गर्नेछन् र यी उद्योगहरूमा प्राविधिक अनुसन्धान र विकासलाई बढावा दिनेछन्। मन्त्रालयले नयाँ उत्पादन नवप्रवर्तन केन्द्रहरूलाई प्राविधिक आविष्कार खोज्नका लागि उत्पादनका प्राथमिक क्षेत्रहरूको उच्च गुणस्तरीय विकासका लागि बलियो समर्थन प्रदान गर्न उनीहरूको क्षमता सुधार गर्न मार्गदर्शन गर्ने समेत बताएको छ।

# भारत-भुटान सीमा नजिक सडक दुर्घटनामा एक सैनिकको मृत्यु, ४ घाइते

**एएनआई**

गुवाहाटी । भारत-भुटान सीमाको तामुलपुर नजिक सोमबार भारतीय सेनाको गाडी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने अन्य चार जना घाइते भएका छन्।

गुवाहाटीका डिफेन्स पीआरओले घाइते सेनाका जवानहरूलाई आर्मी बेस अस्पतालमा लगिएको जानकारी दिएका छन्।

"भारत-भुटान सीमामा रहेको तामुलपुर नजिक आज भारतीय सेनाको गाडी दुर्घटना हुँदा एक सैनिकको मृत्यु भएको छ भने चार जना घाइते भएका छन्। घाइतेहरूलाई सेनाको बेस अस्पतालमा लगिएको छ," गुवाहाटी सुरक्षा संयन्त्रले उल्लेख गरेको छ ।

सेनाको गाडी नरेङ्गी आर्मी क्यान्टबाट दुर्घटनास्थल पुगेको थियो ।

# कर्जा बुझाउने वारे कृषि विकास बैंक लि. को २१ दिने सुचना

कृषि विकास बैंक लि.शाखा कार्यालय सुखिपुरको तपसिल बमोजिमको व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई निम्न लेखिए बमोजिमको रकम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्वार तर-ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको सावां ब्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुंदा यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनकोलागि यो सुचना प्रकाशित गरिएको छ। उल्लेखित मिति भित्र पनि रकम दाखिला गर्न नआएमा बैंक तथा बितिय संस्था सम्बन्धि ऐन २०६३, कृषि बिकास बैंक लि. को कर्जा असुली नियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखि दिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउंदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकवाट कर्जा लिन मंजुरीनामा दिनेहरुलाई समेत यसै सुचना द्वारा जानकारी गराईएको छ।

**सम्बन्धित कार्यालयः कृषि बिकास बैंक लि. शाखा कार्यालय सुखिपुर, सिरहा ।**

| क्र. सं. | ग्राहक नं. | कर्जा ग्राहकको नाम | ठेगाना | मि.नं. | पिता/पतिको नाम | बाजे/ससुराको नाम | कर्जाको उद्देश्य | सावा रकम | २०७९कार्तिक १८ गते सम्मको ब्याज | जम्मा तिनुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८६१९१५ | जय मा दुर्गा इटा उद्योग प्रो. दिलिप साफी | महेशपुर २ | ६२४७ | मोहित साफी | मौजे साफि | उद्योग | १०,०००,०००।०० | ३३८,०२८।९७ | १०,३३८,०२८।९७ | |
| २ | ८६१६४४ | कृष्ण बलराम डेरी प्रो. बलराम यादब | सूखीपूर १० | ५५९० | राम अशिस यादब | दुखरन यादब | उद्योग | ४,०००,०००।०० | १४०,४३५।९२ | ४,१४०,४३५।९२ | |
| ३ | १३२६२३४ | सूभास कूखूरा फर्म प्रो. राम नाथ यादब | बरियारपटी १ | ६७०३ | राम सून्दर यादब | सत्य नारायण यादब | कृषि उत्पादन | १,०००,०००।०० | ५५,३२५।४२ | १,०५५,३२५।४२ | |
| ४ | ८६२०६१ | अभिसेख सर्भिसेस प्रो.राम नारायण ठाकूर | फुलकहाकटी ४ | ६४४३ | दसै ठाकुर | बचू ठाकूर | व्यापार | ६९९,९३८।०० | ६५८,५३१।०४ | १,३५८,४६९।०४ | |
| ५ | ८६१७२५ | बद्री यादब | औरही २ | ५८८० | बलदेव यादब | बटहू यादब | सरल कृषि | ६८७,१३९।१६ | ४,०७५।७६ | ६९१,२१४।९२ | |
| ६ | ८६२०२० | पवन कामती | दूर्गापूर १ | ६३९६ | त्रिभूवन कामती | सरजूग कामती | सरल कृषि | ६००,०००।०० | ३२,४०५।७१ | ६३२,४०५।७१ | |
| ७ | ११७१५४० | बलानन्द झा | तूलसीपूर ८ | ६५०८ | जगरनाथ झा | श्री कृष्णा झा | सरल कृषि | ५००,०००।०० | ६१,२४७।६६ | ५६१,२४७।६६ | |
| ८ | १२३२७९४ | दिपु कूमार सिंह | बिधानगर ४ | ६६३७ | बिशेश्वर सिंह | कूनी सिंह | सरल कृषि | ४००,०००।०० | २१,७२८।७१ | ४२१,७२८।७१ | |
| ९ | १२९११५५ | प्रमिला देवी दास | जानकीनगर ४ | ६६३६ | फिरन दास | सबूरिया दास | सरल कृषि | ३९४,१५५।०९ | १२,६३६।१८ | ४०६,७९१।२७ | |
| १० | ८६१९३८ | पूस्पा कूमारी साह | बरियारपटी २ | ६२८७ | हरेराम साह | मिश्रीलाल साह | घरायसी | २९९,३९२।९५ | ९,३३२।९५ | ३०८,७२५।९० | |
| ११ | ८६१४०४ | महिन्द्र यादब | लक्ष्मीपुर पतारी ५ | ४३२८ | जूगूत यादब | सगम यादब | कृषि उत्पादन | २१५,०००।०० | १६,२७५।१८ | २३१,२७५।१८ | |
| १२ | ८६२०१७ | जूगनी देवी यादब | सूखीपूर ७ | ६३९३ | राम कूमार यादब | बासूदेब यादब | कृषि उत्पादन | २००,०००।०० | १६,२०४।०४ | २१६,२०४।०४ | |
| १३ | ८६१८६८ | रामाधिन कामैत | बरियारपटी ट | ६१८० | वादर कामैत | वहूरी कामैत | कृषि उत्पादन | १००,०००।०० | ५,३६८।८७ | १०५,३६८।८७ | |
| १४ | ८६१७०७ | रामचन्द्र पाल | सिलोर्वापछ्वारी २ | | भोग राउत | सिताराम पाल | व्यापार | ९९,९४६।०० | १७८,९१३।४२ | २७८,८५९।४२ | |
| १५ | ८६१२३५ | खूसीलाल चौधरी | फुलकहाकटी १ | १८८३ | कारी चौधरी | श्याम चौधरी | उद्योग | ५०,०००।०० | २,४२०।७६ | ५२,४२०।७६ | |
| १६ | ८६१५८८ | राम सखी साहू तेली | पिपरा ९ | ५३३८ | राम औतार साह तेली | बूलकी साह तेली | सरल कृषि | २२५,०००।०० | १४,४५८।८६ | २३९,४५८।८६ | |
| १७ | ८६१६५१ | सिता देवी यादबनी | लक्ष्मीपुर पतारी ३ | ५६१३ | राम नारायण यादब | पानी लाल यादब | सरल कृषि | ३५०,०००।०० | २३,४०१।५८ | ३७३,४०१।५८ | |
| १८ | १२३८३८४ | ध्यानी मण्डल खतवे | दूर्गापूर ५ | ६६१८ | झिन्गूर मण्डल खतवे | सून्दर मण्डल खतबे | सरल कृषि | ७००,०००।०० | ४३,३६६।३६ | ७४३,३६६।३६ | |
| १९ | १२१४१६९ | आचलन देवी यादब | अयोध्यानगर ५ | ६५७४ | तूलाई यादब | दूखी यादब | सरल कृषि | ६००,०००।०० | ३७,९३६।६० | ६३७,९३६।६० | |
| २० | १६०३२११ | राम मण्डल | सूखीपूर ९ | ६३५४ | खैलू मण्डल धानूक | मोती मण्डल | सरल कृषि | ४००,०००।०० | २४,२३९।५० | ४२४,२३९।५० | |
| २१ | १२३५०८६ | चन्द्रकला देवी साह | लक्ष्मीपूर पतारी १ | ६६०० | जिवन कूमार साह | राम औतार साह | सरल कृषि | ३००,०००।०० | २०,१२८।५२ | ३२०,१२८।५२ | |
| २२ | ११९८१८३ | अरहूलिया ठाकूर | सूखीपूर ४ | ६५४८ | महेन्द्र ठाकूर बरही | दामोदर ठकूरी बरही | सरल कृषि | ३००,०००।०० | १९,९९३।६२ | ३१९,९९३।६२ | |
| २३ | १५२४७५२ | राम साह तेली | बिधानगर ४ | | मतुकी साह | धोदाई साह | सरल कृषि | | ४,८७९।१७ | ४,८७९।१७ | |
